

पृष्ठ ११ मा



# रोजाइमा चकलेटी अनुहार



**बलिष्ठ र गठिलो शरीर भएका युवकहरू भरोसालायक हुँदैनन्, जबकि कोमल तथा निर्दोष देखिने पुरुष स्वभावैले पनि स्थायी सम्बन्धका लागि सक्षम हुने अध्ययनको निचोड छ। राम्रो पिताको भूमिका निर्वाह गर्न सक्ने तथा सामाजिक उपलब्धि हासिल गरेका युवक पनि युवतीहरूको रोजाइमा पर्छन्।**

• **विदुर खतिवडा**

उमेरले १६ नाघेपछि युवतीहरूका आँखा कस्ता पुरुषमा गढ्लान् ? चञ्चले र चुलबुले स्वभावसँगै विपरीतलिङ्गीप्रति आकर्षण बढ्ने यो उमेरमा तरुनी आँखामा कस्ता तन्नेरी पर्न सक्छन् ? उत्तर अनुमान गर्नुहोस् त ? शारीरिक व्यायाम गरेर कडा मांसपेशी निकालेका बलिया पुरुष अथवा चकलेटी अनुहार ? वा अन्य कुनै ?

एउटा अध्ययनले यो प्रश्नको उत्तर खोज्ने प्रयास गरेको छ। बेलायतस्थित सेन्ट एन्ड्र्युज विश्वविद्यालयले गरेको अध्ययनले युवतीहरूको चाहना परम्परागत सोचाइभन्दा पृथक् भएको ठहर गरेको छ। हेर्दा बलिष्ठ देखिने युवकहरू महिलाहरूको आकर्षणमा पर्ने गरेकोमा अहिले त्यो सोचाइमा परिवर्तन आएको उक्त अध्ययनको निष्कर्ष छ। त्यतिमात्र होइन, आर्थिक दृष्टिकोणले सम्पन्न युवकहरू नै उनीहरूको पहिलो रोजाइ हुन्छन् भन्ने तथ्य पनि गलत भएको छ। निर्दोष अनुहार भएका तथा सबै दृष्टिकोणले व्यावहारिक पुरुष हिजोआजका युवतीहरूको रोजाइमा पर्न थालेका छन्।

'हेन्डसम नभएका कारण अब चिन्तित हुनुपर्दैन, तपाईं असल व्यवहार गर्न सक्षम हुनुहुन्छ भने ढुक्क हुनुहोस्, अहिलेका युवतीहरूले तपाईंलाई पहिलो रोजाइमा राख्नेछन्,' अध्ययन भन्छ- 'हेराइका दृष्टिकोणले सामान्य सुन्दर युवक वा चकलेटी अनुहार भएका सरल व्यक्ति युवतीहरूको आकर्षणमा पर्छन्।' बलिष्ठ र गठिलो शरीर भएका युवकहरू भरोसालायक हुँदैनन्, जबकि कोमल तथा निर्दोष देखिने पुरुष स्वभावैले पनि स्थायी सम्बन्धका लागि सक्षम हुने निचोड अध्ययनको छ। राम्रो पिताको भूमिका निर्वाह गर्न सक्ने तथा सामाजिक उपलब्धि हासिल गरेका युवक पनि युवतीहरूको रोजाइमा पर्छन्।

नेपाली परिवेशमा यो अध्ययन कत्तिको सान्दर्भिक होला ? अहिलेको समयलाई प्रतिनिधित्व गर्ने नेपाली युवतीहरूको रोजाइमा कस्ता व्यक्तित्वहरू पर्न सक्लान् ? साप्ताहिकले गायन, मोडलिङ तथा अभिनयक्षेत्रमा चर्चा पाएका १२ जना महिलालाई प्रतिनिधिपात्रको रूपमा छनौट गरेर यस विषयमा थप जानकारी बटुल्ने प्रयास गर्‍यो। बलिष्ठ शरीर भएका पुरुष आकर्षणमा पर्ने भए पनि स्थायी सम्बन्धका लागि त्यो आकर्षण व्यावहारिक हुँदैन जस्तो लाग्छ,' गायिका आगन्तुक खरेल भन्छिन्- 'जीवन चलाउन शारीरिक रूपभन्दा परिपक्व व्यवहार र सोच महत्त्वपूर्ण हुन्छ, त्यसमा पनि समझदार हुनु त्यतिकै आवश्यक हुन्छ।'

'संवेदनशील, प्रिय तथा कोमल स्वभावका युवकले नै महिलालाई वास्तविक रूपमा माया गर्छन्।' गायिका मौसमी गुरुङ भन्छिन्- 'शारीरिक रूपमा शरीर फुलाएर हिंड्ने युवकहरू एकछिनको आकर्षण हुन सक्छन्, तर जीवन चलाउन, मैले भनेजस्तो गुण आवश्यक हुन्छ।' मौसमीका अनुसार अहिलेको समयलाई बुझेको समझदार जीवनसाथी आवश्यक हुन्छ, त्यस्तो व्यक्ति चकलेटी हुनु पनि आवश्यक छैन, तर सबै प्रकारको स्थितिलाई बुझेर अघि बढ्न सक्ने हुनुपर्छ। केश छोटो पारेर काटेको तथा व्यावहारिक पक्षलाई राम्रोसँग बुझ्ने पुरुषले आफ्नो मनलाई आकर्षित गर्ने उनी बताउँछिन्।

नायिका पुजना प्रधान बौद्धिक, हेरचाह तथा माया गर्ने पुरुषलाई आफ्नो जीवनसाथी बनाउन चाहन्छिन्। 'आवरणमा हेर्दा राम्रो होइन, भित्री मन राम्रो हुनुपर्‍यो नि' पूजनाले भनिन्- 'शारीरिक रूपमा बलिया युवक मेरो नजरमा पर्दैनन्।' समझदार पुरुष साथीको खोजीमा रहेकी पूजना मासंपेशी फुलाएका युवकप्रति आकर्षित नहुने जिकिर गर्छिन्। पुजाना भन्छिन्- मेरो श्रीमान् हो भन्न लाज नलाग्ने भयो भने पुग्छ।

पूर्व मिस टिन तथा मोडल खुश्बु ओली भनें अग्लो, कालो तथा ह्याण्डसम पुरुष देख्दा आकर्षित हुने बताउँछिन्। 'मेरो सफलतालाई सम्मान गर्ने तथा सधैं सहयोगी साथीको भूमिका खेल्ने जीवनसाथी रोज्छु' खुश्बु भन्छिन्- 'अहिलेको समयमा महिलाहरूले श्रीमतीको सफलतालाई आत्मसात् गर्न सक्ने पुरुष नै रोज्छन्।'

श्रीमतीको सफलतामा आफ्नो आत्मसम्मान गुम्ने डर युवकहरूमा हुने गरेकाले त्यस्तो अवस्थामा वैवाहिक जीवन सफल नहुने विचार खुश्बुको छ। खुश्बुका अनुसार हेर्दै खाइलाग्दो तथा शारीरिक रूपमा आकर्षित गर्न सक्ने युवकको सट्टा बौद्धिकता एवं व्यक्तित्व झल्कने युवक अहिलेका महिलाको रोजाइमा पर्छन्। अहिलेका महिलाहरूले निर्दोष अनुहार तथा सुहाउँदो ड्रेसअप गरेका पुरुषलाई मन पराउने खुश्बु बताउँछिन्। खुश्बु भन्छिन्- प्रेमलाई पुरुष साथीले कसरी अभिव्यक्त गर्छ भन्ने कुरामा पनि महिलाको ध्यान केन्द्रित हुन्छ।

कलाकार निशा अधिकारी 'हेल्थ कन्सियस' पुरुष मन पराउने तर्क गर्छिन्। आफू हेल्थ कन्सियस भएका कारण पनि जीवनसाथी पनि निरोगी हुनुपर्ने निशा बताउँछिन्। 'मेरो जीवनसाथी शारीरिक रूपमा

बाँकी पृष्ठ२१ मा

साप्ताहिक



साइबर गर्ल
**ममता प्रधान**
पृष्ठ ४ मा

जम्का भेट
पृष्ठ १४ मा





मध्यपृष्ठमा
**माया**

## क्यासेट

### माया मारे है



पाल्पाली लोकगायक कमल खनालको सातौं प्रस्तुति 'माया मारे है' लोकदोहोरीसंग्रह बजारमा आएको छ। रारा म्युजिक कन्सर्न प्रा.लि.ले बजारमा ल्याएको यो एल्बममा माया मारे है, सँगै बस्न रै'न छ कर्ममा, एक्लै बस्ने निरमाया बानी पारे है आदि गीत समावेश छन्। साइड 'बी' को 'पीर पर्छ सान्है नहुनु थ्यो, भैहाल्यो विछोड भुल्दै जाऊ बिस्तारै-बिस्तारै' आदि गीत सुन्न सकिन्छ।

### शुभकामना




गीतकार डा. भोला रिजालको एकल गीतिसंग्रह 'शुभकामना' श्रोतामाझ आएको छ। आठवटा गीत समाविष्ट यो संग्रहमा गायक गायिकाहरू कर्णदास, युवराज गुरुङ, लोचन भट्टराई, सपनाश्री, रामकृष्ण ढकाल, जुना प्रसाईं, सचिन सिंह, डा. भोला रिजाल, प्रलय रिजाल तथा डा. रजनी रिजालको स्वर सुन्न पाइन्छ। त्यसैगरी संग्रहमा शम्भुजित बाँस्कोटा, नारायण वली, सुशील विश्वकर्मा, सचिन सिंह, वीरेन शाक्य, नरहरि प्रेमी, सतिज श्रेष्ठ तथा रन्जित गजमेरले दिएका छन्।

### सम्झिरहन्छु



गायक शिशिर वाङ्देलको पहिलो एकल गीतिसंग्रह 'सम्झिरहन्छु' दर्शक-श्रोतामाझ आएको छ। सान्तना रेकर्डले बजारमा ल्याएको यो संग्रहमा सुगम संगीत शैलीका नौवटा गीत समावेश छन्। संग्रहमा शब्द रचना शिशिर वाङ्देल, राकेश खालिङ, राजकुमार थापा, द युस ब्याण्ड दार्जीलिङ, विवेक निरौला, जे पापी तथा विप्लव प्रतीकको छ। त्यस्तै संगीत शिशिर वाङ्देल, राकेश खालिङ, राजकुमार थापा, भगत राई तथा सुवर्ण लामाले दिएका छन्।

## रंगमञ्च

**जावलाखेलस्थित** ललितपुर माध्यमिक विद्यालयले गत साता एकाङ्की नाटक प्रतियोगिता सम्पन्न गऱ्यो। विद्यालयका ८ वटा समूहले सहभागिता जनाएको उक्त नाटक प्रतियोगितामा चारवटा नेपाली तथा चारवटा अंग्रेजी नाटक मञ्चन गरिएका थिए। प्रतियोगितामा नेपाली नाटकमा शंकरप्रसाद भट्टराइको 'नयाँ युग', अमर न्यौपानेको 'कुहिरो फाटेपछि', फणीन्द्रराज खेतालाको 'फ्युज गएको हिटर' तथा बोधराज त्रिपाठीको 'भ्रष्टाचार र त्यसको समाधान' मञ्चन भएका थिए। त्यसैगरी अंग्रेजी नाटकमा 'द ब्वाइ कम्स होम', 'क्राफ्टी-टोम', 'द स्ट्रेन्जर', 'प्रिसियस ट्रिएजर' प्रस्तुत गरिएका थिए। रंगकर्मी कृष्ण शाह यात्री, साहित्यकार गीता त्रिपाठी, शिक्षक देवेन्द्र खनाल, राजेन्द्र ढकाल आदि १० जना निर्णायक रहेको प्रतियोगिताको परिणाम आगामी साता सार्वजनिक गरिनेछ।

**नवौं** भारत रंग महोत्सवको अवसरमा एक्टर्स स्टुडियोको नाटक 'टलकजंग टुल्के' गत आइतबार नयाँ दिल्लीमा मञ्चन भयो। चिनियाँ साहित्यकार लु सुनले लेखेको कथालाई नेपालीकरण गरेर तयार भएको उक्त नाटकलाई रंगकर्मी अनुप बरालले निर्देशन गरेका हुन्। यसअघि नेपालमा प्रदर्शन भैसकेको यो नाटकका निर्देशक बरालका अनुसार नाटकमा राजनैतिक अस्थिरताको समयमा एउटा निर्दोष युवा कसरी बलिको बोको बन्छ भन्ने कथालाई टुल्के नामको पात्रमार्फत् चित्रण गर्ने प्रयास गरिएको छ। नाटकमा कलाकारहरू इशान शर्मा, पुष्पा आचार्य, विष्णुभक्त फुयाँल, दयाहाङ राई, प्रवीण पाण्डे, प्रकाश घिमिरे, पुष्पलता क्षेत्री, रश्मी भट्ट, विक्रम परियार आदिले अभिनय गरेका थिए।

**प्राध्यापक** सञ्जीव उप्रेतीले लेखेको उपन्यास 'घनचक्कर' लाई नाट्य समूह आरोहण गुरुकुलले आगामी माघ ९ गतेदेखि पुरानो बानेश्वरस्थित रिमाल थियटरमा मञ्चन गर्ने भएको छ। देशको पागलपन र त्यसले व्यक्तिमा गर्ने असरका विषयमा केन्द्रित उपन्यास घनचक्करको नाटक श्रृङ्खलामा सलिल सुवेदी, निशा शर्मा, विजय विस्फोट, दिलभूषण पाठकका साथै गुरुकुलका अन्य कलाकारले पनि अभिनय गर्नेछन्। निर्देशक सुनिल पोखरेलका अनुसार यो नाटक चैत २ गतेसम्म मञ्चन हुनेछ।

## ग्यालरी

**तिब्बती** कलाकारहरूद्वारा कोरिएका पौभा चित्रकलालाई नेपालीहरूले पनि मनपराएका छन्। बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा पुस २५ गते प्रारम्भ भएको उक्त प्रदर्शनीमा १६ जना तिब्बती कलाकारका २८ वटा सिर्जना राखिएका छन्। तिब्बतको सामाजिक तथा भौगोलिक परिवेशलाइ चित्रकलाको माध्यमबाट प्रस्तुत गरिएको उक्त प्रदर्शनी आगामी माघ ९ गतेसम्म सञ्चालन हुनेछ। प्रदर्शनीमा ६ लाख ६८ हजार रुपैयाँसम्मका चित्र राखिएका छन्।

**कलाकार** आशा डंगोलको खुला चित्रकला प्रदर्शनी गत सोमबारदेखि लाजिम्पाटस्थित पार्क ग्यालरीमा प्रारम्भ भएको छ। समसामयिक विषयवस्तुमा आधारित चित्रहरू समावेश गरिएको उक्त प्रदर्शनी माघ १६ गतेसम्म चल्नेछ।

## पुस्तक

### कालापानीमाथिको विजय

राणाशासनविरुद्ध बन्दुक बोकेर क्रान्तिमा लागेका एक सेनानीको आत्मकथा प्रकाशित भएको छ। इतिहासले समेत नदेखेका २००७ सालको क्रान्तिका योद्धा विराटनगरनिवासी भीमराज नौलखाको आत्मकथा पत्रकार शंकर खरेलले चार वर्ष लगाएर तयार पारेका हुन्। २ सय ५ पृष्ठ लामो आत्मकथा 'कालापानीमाथिको विजय' मोरङ कांग्रेसले प्रकाशन गरेको हो। मोरङ, सुनसरी र झापाक्षेत्रलाई कालापानी मानेर राणाविरुद्ध आन्दोलन गरी विजय प्राप्त गरेको कुरालाई नौलखाले आफ्नो पुस्तकमा उतारेका छन्। पुस्तकमा ऐतिहासिक तस्बिरहरू पनि समावेश छन्।

## तपाईंको यो साता



ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

ग्रहगोचर बलिया छन्। बोलीको प्रभाव, सोच्ने शक्ति एवं पराक्रम बढ्नेछ। काममा सफलता मिल्नेछ। नयाँ काम हात लाग्नसक्छ। सानै प्रयासले पनि ठूलो काममा सफलता हासिल हुनेछ। आफन्तहरूले सहयोग गर्नेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ भने अध्ययनमा सफलता पाइनेछ। धार्मिक कार्यमा मन जानेछ।

### वृष

मान-सम्मान मिल्नेछ। भोजभतेरमा सामेल हुन पाइनेछ। व्यवसायमा लाभ हुनेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूले सहयोग गर्नेछन्। अध्ययनमा पनि सफलता पाइनेछ। धार्मिक कार्यमा मन जानेछ। सफलताका लागि स्वास्थ्यको ख्याल गर्नुहोला।

### मिथुन

खर्च एवं विवाद बढ्नेछ भने झूटा आरोप पनि लाग्नसक्छ। अरूको काममै समय बित्नेछ। स्वास्थ्य गडबड हुन सक्छ। समयमा निर्णय नहुँदा हात परेको काम फुत्कन सक्छ। आइतबारदेखि मान-सम्मान मिल्ने, काममा सुधार आउने, बोलीको प्रभाव एवं व्यवसाय बढ्ने तथा यात्रा हुने योग छ। अध्ययनमा सफलता हासिल हुनेछ।

### कर्कट

सोच्ने शक्ति एवं बोलीको प्रभाव बढ्नेछ। मन प्रसन्न रहनेछ। धन आर्जन पनि होला। मान-सम्मान पाइनेछ। यात्रा हुनसक्छ। ठूला व्यक्तिबाट प्रशंसा पाउनुहोला। विवाद बढ्ने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने देखिन्छ। व्यवसायबाट भने लाभ मिल्नेछ।

### सिंह

अरूबाट प्रशंसा पाउनुहोला। नयाँ काम आरम्भ हुनसक्छ। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायमा सुधार आउनेछ। अध्ययनमा सफलता मिल्नेछ। अरूको मन सजिलै जित्न सकिनेछ। सभा-सम्मेलनहरूमा सहभागी हुन पाइनेछ। मंगलबार तथा बुधबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। स्वास्थ्य पनि गडबड रहन सक्छ।

### कन्या

धार्मिक कार्यमा रुचि एवं पराक्रम बढ्नेछ। भाग्यले साथ दिनेछ। सानै प्रयासले ठूलो काममा सफलता हासिल हुनेछ। मान-सम्मान पनि मिल्नेछ। शत्रु पराजित हुनेछन्। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सुधार आउनेछ। यात्रा हुनसक्छ। व्यवसाय फलदायी रहनेछ। आफन्तहरूले सहयोग गर्नेछन्।

### तुला

स्वास्थ्य बिग्रन सक्छ। समयमा निर्णय नहुँदा हात परेको काम फुत्कनेछ। शरीरमा चोटपटक लाग्नसक्छ। व्यवसायमा अवरोध आउन सक्छ। आइतबारदेखि धार्मिक कार्यमा रुचि बढ्नेछ भने भाग्यले साथ दिन थाल्नेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आम्दानीको तीव्रता कायमै रहनेछ।

### वृश्चिक

समय बलियो छ। मन प्रसन्न रहनेछ। रमाइलो यात्रा गर्ने अवसर जुट्नेछ। व्यवसायबाट लाभ मिल्नेछ। बोलीको प्रभाव एवं पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। धार्मिक कार्यमा रुचि बढ्नेछ। धन आर्जन पनि हुनसक्छ। आइतबार तथा सोमबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ।

### धनु

शत्रु बढ्नेछन्। स्वास्थ्य गडबड रहनेछ। काममा अवरोध आउनाले मनोबल घट्न सक्छ। भाग्यले साथ छोड्न सक्छ। मन दुविधाग्रस्त हुनसक्छ। कुरा काटनेहरू सक्रिय रहनेछन्। विश्वास गरेकाहरूले धोका दिन सक्छन्। आइतबार तथा सोमबार प्रसन्नता बढ्नेछ। काममा सफलता मिल्ने तथा यात्रा हुने योग छ। आम्दानी पनि बढ्नेछ।

### मकर

सोच्ने शक्ति बढ्नेछ। अध्ययनमा सुधार आउनेछ। व्यवसायमा सोचेजस्तै सफलता मिल्नेछ। भेटघाटले मनलाई दरो बनाउनेछ। आफन्तहरूको सहयोग जुट्नेछ। आइतबार र सोमबार स्वास्थ्य गडबड रहने, शत्रु एवं चिन्ता बढ्ने तथा काममा अवरोध आउने योग छ। खर्च एवं विवादले सताउन सक्छ।

### कुम्भ

आफन्तहरूको सहयोग मिल्नेछ। घरेलु काममा रुचि बढ्नेछ। अरूको विश्वास जित्न सकिनेछ। अध्ययनमा सफलता हासिल हुनेछ। पराक्रम बढ्नुका साथै अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। खर्च बढे पनि राम्रै आम्दानी हुने देखिन्छ। मंगलबार तथा बुधबार शत्रु एवं रोग बढ्ने योग छ। यात्रामा अवरोध आउने सम्भावना छ।

### मीन

पराक्रम बढ्नेछ। धेरै अधुरा काम पूरा हुनेछन्। नयाँ काम पाइने बलियो सम्भावना छ। आफन्तहरूको सहयोग जुट्नेछ। धन आर्जन पनि हुनसक्छ। व्यवसायमा लाभ देखिन्छ। यात्रा हुनसक्छ भने अध्ययनमा सफलता मिल्नेछ। भेटघाटमा प्रसन्नता बढ्नेछ। अरूबाट प्रशंसा पनि पाउनुहोला।

### यो साताको पञ्चाङ्ग

माघ ४ गते : एकादशी, ८ गते : स्वस्थनी व्रत प्रारम्भ

## साता संक्षेप

**पुस २७ गते शुक्रवार**

• मन्त्रिपरिषद् विस्तार, सुजाता कोइराला प्रधानमन्त्रीको कार्यालय हेर्ने गरी विनाविभागीय मन्त्री ।

• माओवादीको अस्थायी ब्यारेकमा रहेका अयोग्य लडाकु हटाइने अयोग्य लडाकुले हालसम्मको सुविधा पाउने ।

• राष्ट्रिय प्रजातन्त्र पार्टी तथा राष्ट्रिय जनशक्ति पार्टीबीच एकताको अभ्यास, कार्यदल गठन ।

**पुस २८ गते शनिबार**

• संविधानसभाको मिति घोषणा, चैत २८ गते एकै चरणमा मतदान हुने ।

• अनमिनको म्याद छ महिना थप ।

• विश्वको सर्वोच्च शिखर सगरमाथामा पहिलोपल्ट मानव पाइला राख्ने सर एडमन्ड हिलारीको ८८ वर्षको उमेरमा निधन ।

**पुस २९ गते आइतबार**

• दुई वर्षअघि मोरङको बेलबारीमा ६ जनाको ज्यान जाने गरी भएको गोली काण्डमा नेपाली सेना दोषी रहेको संसदीय समितिको अध्ययनको निष्कर्ष, तत्कालीन प्रमुख जिल्ला अधिकारीसहित सेनाका २८ जनालाई कारबाही गर्न निर्देशन ।

• संयुक्त राष्ट्र संघद्वारा नेपालको शान्ति तथा पुनर्निर्माणका लागि साढे ६ अर्ब आवश्यकता भएको भन्दै अन्तर्राष्ट्रिय समूहसँग उक्त रकमको जोगाड गरिदिन आग्रह ।

• जनतान्त्रिक तराई मुक्ति मोर्चा (विस्फोट सिंह) का अध्यक्ष विस्फोट सिंह लहानमा प्रक्राउ ।

**पुस ३० गते सोमवार**

• सद्भावना पार्टीबाट उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री बनेका श्यामसुन्दर गुप्ता पार्टीबाट निष्कासित, गुप्ताद्वारा पार्टी पुनर्गठन गरेको दावी ।

• प्रधानमन्त्री अस्वस्थ, चिकित्सकहरूद्वारा केही दिन आराम गर्न सल्लाह ।

**माघ १ गते मंगलबार**

• सात दलको भेलामा बम विस्फोट, आठ घाइते ।

• थप ११ राजनैतिक दल जन्मिए, दलको सङ्ख्या ६१ पुग्यो ।

• प्रधान न्यायाधीश तथा न्यायाधीशहरूको तलब वृद्धि ।

**माघ २ गते बुधबार**

• नेपाल सद्भावना पार्टी (आनन्ददेवी) द्वारा सात दलको गठबन्धन छाड्ने चेतावनी ।

• स्थानीय निकायमा सात दलले प्रतिनिधि नियुक्त गर्ने, मतभेद हटाउन कार्यदलको गठन ।

### निर्वाचन आचारसंहिता लागू

# संविधानसभामा अझै पनि संशय

**साप्ताहिक समाचार**

चिरप्रतीक्षित संविधानसभा हुने सङ्केतका रूपमा सात दलले राजधानीमा गरेको चुनावी सभालाई लिने हो भने चुनावी भेलालगत्तै भोटाहिटीमा भएको बम विष्फोटलाई त्यसको विरोधको सङ्केतका रूपमा लिन सकिन्छ । एकतिर संविधानसभा निर्वाचनका लागि निर्वाचन आयोगले निर्वाचन आचारसंहितासमेत जारी गरिसकेको छ भने अर्कातिर स्थापित मधेसी नेताहरूले कुनै पनि हालतमा निर्वाचन हुन नदिने चेतावनी दिन थालेका छन् । संविधानसभाका लागि यतिखेर सात दलको बैठकमार्फत् एकै प्रकारको निर्णय हुन थालेका छन् भने सात दलको बैठक बाहिर निस्कने बित्तिकै तिनै नेताहरू संविधानसभाको महत्त्वपूर्ण मुद्दा बनेको राजसंस्था तथा सेना समायोजनामा भिन्न-भिन्न मत जाहेर गर्न थालेका छन् । यसबाट नेपाली जनता जेठ तथा मंसिरमा तोकिएका मितिझैं यसपटक पनि चिर्वाचनको मिति फेरि पनि सार्ने निर्णय त गरिने होइन भन्ने आशंका व्यक्त गर्न थालेका छन् ।

'हामी निर्वाचन मिति नेताहरूले घोषणा गर्ने र जनताले त्यसमा भाग लिने साधारण गणितीय हिसाब गरिरहेका छौं' लामो समय राजा निकट रहेका पूर्व जनरल दिप्तप्रकाश शाह भन्छन्, 'वास्तवमा अहिलेको समय भारत, चीन, अमेरिका, राजसंस्था सबैले आफ्नो स्वार्थ अनुकूल हुने समयको हिसाब गरिरहेका छन् । त्यसैले निर्वाचन चैतमै हुने कुरामा ढुक्क हुने स्थिति छैन ।' अहिले पूर्वजनरल शाह जस्ताका कुरालाई शंकाको दृष्टिकोणले हेरिए पनि उनको भनाइ धेरै हदसम्म सत्य देखिन्छ । सात दललको चुनावीसभामा सात दलका नेताहरूमध्ये कसैले सेनाको बचाव गर्ने तथा कसैले तथानाम गाली गर्ने देखिएबाट पनि सात दल सत्ताका लागि मात्र गठबन्धनमा सामेल भएको देखिएको छ ।

विशेषगरी सरकारमा बसेका मन्त्रीहरू समेतले संविधानसभा, राजसंस्था तथा सेनासम्बन्धी फरक-फरक मत व्यक्त गरेबाट पनि उनीहरूभित्रै संविधानसभाका विषयमा व्यापक मतभिन्नता भएको प्रष्ट देखिन्छ । यसले संविधानसभा तेस्रो पटक पनि तोकिएको मितिमा हुने कुरामा आशंका बढेको छ । यद्यपि संविधानसभा गर्नुहुँदैन भन्ने हिम्मत भने कसैले गर्न सकेका छैनन् । यसबाट संविधानसभाका लागि धेरै अप्ठ्यारा बाँकी रहे पनि यो निर्वाचन कसका कारण रोकिन्छ भन्ने कुरा भने स्पष्ट भैसकेको छैन ।

तीन पटक प्रधानमन्त्री भैसकेका शेरबहादुर देउवासमेत सात दलभित्रका गतिविधिका कारण समयमै निर्वाचन हुनसक्छ भन्ने विस्वास जनतामा नभएको बताउँछन् । 'सयममा चिर्वाचन हुन्छ भन्ने विस्वास दिलाउने काम सात दलका नेताहरूको हो,' देउवा भन्छन्, 'तर हामी आफै सात थरीका कुरा गरेपछि जनताले अविस्वास देखाउनु सामान्य हो ।' देउवाको विचारमा नेताहरूले नै जनतालाई चिर्वाचन हुने कुरामा विस्वास दिलाउनुपर्छ । विशेषगरी नेकपा (माओवादी) ले सार्वजनिक स्थानमा बोल्दा विचार पुऱ्याउनुपर्छ ।' यता नेकपा (माओवादी) ले भने सात दलमा हुने विवादलाई सामान्य मानेको छ । संविधानसभाको निर्वाचनको मुख्य बाधा खडा गर्ने काम अझै पनि राजाबाट हुने विस्वास माओवादीको छ । 'सात दलभित्रै विभिन्न विचारका मानिस छन् ।

यी विभिन्न विचारहरू विभिन्न केन्द्रबाट सञ्चालित छन् ।' नेकपा (माओवादी) का नेता टोपबहादुर रायमाझी भन्छन्, 'अग्रगामी, देशभक्त, वामपन्थी शक्तिहरू बलियो हुने स्थिति देखियो भने विभिन्न निहुँ खोजेर संविधानसभाको निर्वाचन भाँडिने अवस्था देखापर्छ ।' सात दलभित्रै एक-अर्कामाथि लगाइँदै आएको यस किसिमको आरोपका कारण पनि संविधानसभालाई अनिश्चय बनाउँदै लगिएको छ । संविधानसभा देशको आवश्यकता हो भन्दाभन्दै पनि नेताहरूले निर्वाचनपछि आफ्नो दलको स्थिति के हुने भन्ने विषयले संविधानसभालाई नै अप्ठ्यारो पार्दै लगेको आरोप नागरिक समाजको छ ।

यता संविधानसभा निर्वाचनमा आफ्नो विपक्षमा मत आउने पक्का भएपछि राजसंस्थासँग दुईवटा विकल्प बाँकी रहेको स्रोतको भनाइ छ । स्रोतका अनुसार या त राजसंस्था चुपचाप दरबारबाट निस्कने तयारीमा लाग्नुपर्छ या त उसले आफ्नो अस्तित्व रक्षाका लागि अन्तिमपटक संवैधानिक राजतन्त्रका लागि अन्तिम लडाइँ लड्नुपर्छ । त्यतिन्जेलसम्म विभिन्न समूहमार्फत् क्रियाशील रहेका राजा ज्ञानेन्द्रले संविधानसभा गराउन केही अप्ठ्यारो सिर्जना गर्न सफल भए पनि दिनहुँ सात दल उनका विरुद्धमा अघि बढ्दै गैरहेका छन् । यस्तो अवस्थामा उनले आफ्ना विस्वासपात्रहरूमार्फत् एक पटक अन्तिम लडाइँ लड्ने सम्भावना छ । यो अन्तिम लडाइँ के हो स्पष्ट छैन । देउवा भन्छन्, 'आफ्नो ठाउँ नरहने भएपछि जो पनि अगाडि आउने प्रयास गर्छ तर सात दल एक हुनुपर्छ, कसैले केही बिगार्दैन ।'

अर्कातर्फ आत्मनिर्णयको अधिकारसहित स्वायत्त शासनको माग रखेको तराई मधेस लोकतान्त्रिक दल तथा मधेसी जनअधिकार फोरमले सर्वपक्षीय चुनावी सरकार गठनको माग गरेका छन् । निर्वाचन आयोगले आचारसंहिता जारी गरिसकेको अवस्थामा महन्त ठाकुर तथा उपेन्द्र यादवसमेतलाई सरकारमा सामेल गर्न अप्ठ्यारो परेको छ ।

तराईमा निर्वाचन गर्न यी दुई दलबाट कम्तीमा एक-एक जना नेतालाई सरकारमा सामेल गर्नुपर्ने बाध्यता सरकारमाथि छ । यदि संविधानसभापछि आत्मनिर्णयको अधिकार दिने शर्तमा तराई समस्याको सामाधान गर्ने हो भने फेरि एकपटक संविधानमा संशोधन गर्नुपर्ने आवश्यकता छ । यी दुईमध्ये जुनसुकै मागलाई सरकारले सम्बोधन गर्दा पनि निर्वाचनको मितिलाई थप केही समय पर सार्नुपर्ने हुन्छ । यी प्राविधिक कारणले पनि चैत २८ गते नै निर्वाचन हुन्छ भन्ने कुरामा राजनैतिक विश्लेषकहरूले शंका व्यक्त गरेका छन् ।

# गोरखा महोत्सवमा सांस्कृतिक तामझाम

**दामोदर न्यौपाने**

*सबै जना जुट्ने हो*
*गणतन्त्र ल्याउने हो*
*हरि हरि*
*दाँत खुस्किएका बूढाहरू ।*

खैंजडीको तालमा ताल मिलाउँदैछन् अनि भाका हाल्दैछन् गणतन्त्रको । सामान्यतया रामायण, महाभारतजस्ता धार्मिक कथालाई लयमा ढालेर गाइने भजनमा राजनीति । त्यो पनि गाउने सबै बूढाहरू । दर्शकहरू नौलै मानिरहेको देखिन्थे । 'राजनैतिक चेतना आएछ,' महोत्सव नियालिरहेका गोरखा पन्द्रुङका रामकुमार भट्ट भन्दै थिए- 'तर धार्मिक कथा सुनिरहेको भजनमा राजनैतिक कुरा गर्दाचाहिं अलि नसुआएको जस्तो लाग्दो रहेछ ।'पुस २० गतेदेखि ६ दिनसम्म चलेको छैंटौं गोरखा महोत्सवमा यस्ता अनेकन् संस्कृति नियाल्न पाइयो । महोत्सवमा गुरुङ जातिको मृत्यु संस्कारमा नाचिने सेर्का, मगरको लोपोन्मुख घाटु, सोरठी, छेत्री-बाहुनको बालुन, भजन, रत्यौली, नेवारको टाकटुके, कुमाल जातिको पाङदुरेजस्ता सांस्कृतिक झलकले दर्शकलाई भरपूर मनोरञ्जन दिएको थियो ।

महोत्सवमा जिल्लाको उत्तरी भेकका अल्पसंख्यक चुम्बा जातिले स्याब्रु नाच देखाएका थिए । उनीहरू यो नाच देखाउन सात दिन हिंडेर आएका थिए । पाहुनाको स्वागत गर्दा नाचिने यो नाचमा दर्शक निकै नै झ्याम्मिएका थिए ।



उनीहरूले आफ्नो अस्तित्वको खोजी गर्न त्यहाँ आएको बताए । 'गोरखा भन्ने बितिक्कै तल्लो भेक मात्रै हो भन्ने मान्यता छ,' छेकम्पार गाविसका नीमा लामाले सुनाए- 'हामी शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार विकास लगायत सबैमा पिछडिएका छौं । नाच देखाएपछि सबै कुराको ध्यान हामीतिर तानियो ।'

गोरखा उद्योग वाणिज्य संघ, जिल्ला विकास समिति गोरखा तथा पृथ्वीनारायण नगरपालिकाले संयुक्त रूपमा आयोजना गरेको महोत्सव ७० हजारले अवलोकन गरे । महोत्सव अवधिमा ९० लाख रुपैयाँ बराबरको कारोबार भएको वाणिज्य संघका अध्यक्ष अच्युतलाल श्रेष्ठले जानकारी दिए । महोत्सवमा स्थानीय हस्तकला, परिकार आदिका १ सयवटा स्टल राखिएका थिए । महोत्सवमा नेपाल टेलिभिजनबाट प्रसारण हुने कार्यक्रम जीरे खुर्सानी, तीतो सत्य, मेरी बास्सैमा अभिनय गर्ने कलाकारले हास्य कार्यक्रम प्रस्तुत गरेका थिए । उक्त अवसरमा ख्यातिप्राप्त लोक तथा आधुनिक गीतका कलाकारहरूले गीत गाएका थिए भने लोकदोहोरी प्रतियोगिता पनि सम्पन्न भएको थियो ।

## नयाँ प्रविधि

### इमर्जेन्सी रेडियो




ग्रामीण क्षेत्रमा बिद्युत् सेवाको अभावका कारण रेडियोले विभिन्न किसिमका समस्या झेल्नुपर्ने हुन्छ। यस्तै किसिमका विभिन्न समस्या समाधान गर्दै अमेरिकी रेडक्रस इमरजेन्सी रेडियो अन्तर्राष्ट्रिय बजारमा आएको छ। यो रेडियोमा अन्य रेडियोमा हुने एएम/एफएम/सर्ट वेब/टेलिभिजन आदिको सुविधा छ भने यसमा सेटेलाइट प्रसारणका रूपमा रहेको मौसम रेडियोको जानकारी पनि आउँछ। यो रेडियो पानीबाट नभिज्ने किसिमले बनाइएको छ। साथै यसको ब्याट्री दम दिएर चार्ज गर्न सकिन्छ। एक सेकेन्डमा दुई फन्को लाग्ने गरी ९० सेकेन्ड दम दिए यो रेडियो एक घन्टासम्म बज्छ। यो दमलाई अझ बढाए यसको आवाज क्षमता पनि बढ्दै जान्छ। यो रेडियोबाट मोबाइल फोन पनि चार्ज गर्न सकिन्छ भने यसमा टर्चलाइट पनि छ। यो रेडियोमा साइरनसमेत छ, यो रेडियोको अन्तर्राष्ट्रिय बजार मूल्य ६० अमेरिकी डलर छ।

# विज्ञान-प्रविधि प्रतिस्पर्धा सम्पन्न

**साप्ताहिक समाचार**

काठमाडौं– अन्तरविद्यालय खुला विज्ञान तथा प्रविधि प्रतियोगिता गत सोमबार सम्पन्न भयो। पाटनस्थित अशोक पार्टी प्यालेसमा दुई दिन चलेको उक्त प्रतियोगितामा डेढ दर्जन विद्यालयले सहभागिता जनाएका थिए।

तेस्रो अन्तरविद्यालयस्तरीय विज्ञान प्रदर्शनी तथा प्रतियोगिता-२०६४ मा धापाखेल माध्यमिक विद्यालय धापाखेलको 'पृथ्वीलाई जोगाऔं' शीर्षकको वातावरणीय प्रविधिले पहिलो स्थान हासिल गर्‍यो। त्यस्तै रेडियो ट्रान्समिसनसम्बन्धी नाइटेङ्गल मा.वि.का विद्यार्थीको प्रविधि दोस्रो, डीएनए मोडल (रेप्लिकेसन, ट्रान्समिसन) सम्बन्धी कान्तिपुरी मा.वि. ताल्छिखेलको प्रविधि तेस्रो तथा वाटर प्युरिफिकेसन/वाटर साइकलसम्बन्धी माछापुच्छ्रे मा.वि. थसिखेलको प्रविधिले सान्त्वना पुरस्कार हासिल गरे।

माइक्रोस्कोपसम्बन्धी नयाँ मोडल प्रस्तुत गरेर प्रतियोगितामा बेस्ट क्रिएसन पुरस्कार मोडल एकेडेमी, लुभुले प्राप्त गर्‍यो। त्यसैगरी अल्ट्राटेक भिलेज प्रविधि विकास गरेको भ्याली उच्च माध्यमिक विद्यालयले बेस्ट टेक्नोलोजीको एवार्ड हासिल गर्‍यो भने उत्कृष्ट प्रेजेन्टरको पुरस्कार काठमाडौं जेभियर पब्लिकका प्रशान्त चौलागाईंले हासिल गरे।

नाष्टका पूर्वसदस्य सचिव प्रोफेसर डा. कृष्ण मानन्धरले आइतबार उद्घाटन गरेको उक्त प्रदर्शनी तथा प्रतियोगितामा दिव्यज्योति मा.वि.ले लोकल मेडिसिनसम्बन्धी प्रविधि, अनन्त मा.वि.ले मिनी कम्प्युटर तथा मुभेवल रोड प्रविधि, माउन्ट ओलिभ मा.वि.ले ल्यान्डस्लाइड तथा इलेक्ट्रोलाइसिस प्रविधि, नेसनल चिल्ड्रेन मा.वि.ले रकेट प्रविधि प्रस्तुत गरेका थिए। त्यस्तै ममता विद्यासदनका विद्यार्थीले वाटर प्युरिफिकेसन, विद्यासदन मा.वि.का ओसमोसिस प्रविधि, हाई भ्यु मा.वि.ले इलेक्ट्रोम्याग्नेटिक इन्डक्सन, बालकुञ्ज मा.वि.ले इलेक्ट्रिकल हर्न तथा गणेश मेमोरियल मा.वि.ले आर्टिफिसियल स्नोफल प्रविधि प्रतियोगितामा सामेल गराएका थिए।

लुभु जुनियर जेसिज तथा पिनाकल एकेडेमीको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममा विभिन्न कलेजका विद्यार्थीले विकास गरेका प्रविधि सार्वजनिक गरेका थिए। प्रदर्शनीमा पिनाकल एकेडेमीका विद्यार्थीले निःशुल्क ब्लड ग्रुप पहिचान, ब्लड प्रेसर नाप र तौल जोख्ने सेवा प्रदान गरेका थिए भने कामना इन्टरनेसनलले कम्प्युटर क्विज सञ्चालन गरेको थियो। कार्यक्रमलाई करिब १२ हजार विद्यार्थीले अवलोकन गरेको आयोजकहरूले बताए।

# सन् २००८ मा देखापर्ने सम्भावित प्रविधि




सन् २००८ मा कस्ता प्रविधि आउलान्? प्रविधिका बारेमा भविष्यवाणी गर्नु गाह्रो काम हो। यद्यपि बीबीसी न्युज वेबसाइटले सन् २००८ मा नयाँ प्रविधिका रूपमा बजारमा आउन सक्ने ५ वटा नयाँ प्रविधिका बारेमा भविष्यवाणी गरेको छ।

### द वेब टु गो

सन् २००७ का बार्‍है महिनामा मानिसले प्रयोग गर्ने वेबका बारेमा थुप्रै नयाँ प्रविधिको अभ्यास भएका छन्। गुगलले गियर एप्लिकेसन, एडोबले एयर तथा माइक्रोसफ्टले सिल्भरलाइटको अभ्यास गरे। यी सबै प्रविधिमा प्रशस्तै वेब कनेक्ट हुन्छन् र कतिपय अवस्थामा अफ लाइन अवस्थामा पनि यिनको प्रयोग गर्न सकिन्छ। एडोबले इबे डेस्कटप एप्लिकेसन बनाएको छ। सिल्भरलाइटले डेस्कटप एप्लिकेसन बनाउन सक्छ र यसलाई वेब ब्राउजरका रूपमा प्रयोग गर्न सकिन्छ। यी सबैलाई अफलाइन अवस्थामा पनि प्रयोग गर्न सकिन्छ। सन् २००८ मा यीमध्ये कुनै वा पूरै अझ विकसित रूपमा आउनेछन्।

### अल्ट्रा मोबाइल पीसी




सन् २००८ मा अल्ट्रा मोबाइल पीसी आउनेछ। यी मोबाइल पीसी प्रयोगका लागि अति नै उपयोगी हुनेछन्। सन् २००७ को अन्त्यदेखि नै यी पीसी बजारमा सल्बलाउन थालिसकेका छन्। सबैभन्दा धेरै चर्चामा आएको पीसी एस ईईई हो। हार्डब्याक बुक आकारको यो पीसीको मूल्य २ सय डलर मात्र छ। ताइवानी उत्पादकले सन् २००८ मा यस प्रकारका ५० लाख मोबाइल पीसी बेच्ने योजना बनाएका छन्। एक किलोग्रामभन्दा कम वजनका यी पीसी ओपन सोर्स लिनक्स सफ्टवेयरद्वारा सञ्चालित हुन्छन्। यसमा ४ जीबीको फ्ल्यास मेमोरी प्रयोग गरिएको छ। यसको फ्ल्यास मेमोरी बढाउने कार्य पनि भैरहेको छ। सामसुङ कम्पनीले केही दिनअघि मात्र यसमा प्रयोग गर्न सकिने १ सय २८ जीबीको मेमोरी कार्डको विकास गरेको छ। एप्पलले पनि फ्ल्यास प्रयोग गरी अल्ट्रा थिन म्याक बुक निर्माण गर्ने योजना बनाएको छ।

### आईपीटिभी

बेलायतमा हाल प्रतिसेकेन्ड ४ मेगाबिट्सका स्पिडमा ब्रोडब्यान्ड चलिरहेका छन्। यो स्पिड बढ्ने क्रम जारी छ। आगामी वर्ष एडीएसएल टु प्लस अनलाइन रूपमा आउँदैछ। यसको गति २४ मेगाबिट्स छ। यसका कारण धेरै इन्टरनेट प्रोटोकलबाट सञ्चालित टेलिभिजन सेवा प्रारम्भ हुँदैछन्। चेक रिपब्लिकमा मोबाइल फोन अपरेटर ओटुले यस प्रकारको सेवा प्रारम्भ गर्ने घोषणा गरिसकेको छ। अरेन्ज, बीबीसी, आईटीभी तथा च्यानल फोरले आफ्नो अभियानलाई तीव्र पारेका छन्।

### वाईम्याक्स

भविष्यको ब्रोडब्याण्ड प्रविधि वाईम्याक्स हो। वर्ल्डवाइड इन्टरअपरेबिलिटी फर माइक्रोवेभ एक्सेसलाई छोटकरीमा वाइम्याक्स भनिन्छ। यो एक प्रकारको वायरलेस प्रविधि हो, जसले लामो दूरीसम्म पनि हाई स्पिडको ब्रोडब्यान्ड उपलब्ध गराउँछ। यो वर्ष यसको प्रयोगमा व्यापक वृद्धि आउने अनुमान गरिएको छ।

### मोबाइल भीओआईपी

भ्वाइस ओभर इन्टरनेट प्रोटोकलको छोटकरी रूप भीओआइपी हो। भीओआइपीले इन्टरनेटको प्रयोगबाट सस्तो मूल्यमा फोन गर्ने सुविधा उपलब्ध गराउँछ। अहिलेसम्म भीओआईपी सुविधा प्रदान गर्ने सबैभन्दा राम्रो कम्पनी स्काइप मानिन्छ। यसै वर्षदेखि यो सुविधा इन्टरनेटमा मात्र नभएर मोबाइल फोनमा समेत उपलब्ध हुनेछ। सन् २००७ को अन्त्यमा थ्री नामक नेटवर्क अपरेटरले यस्तो सेवाको परीक्षण गरेको छ। नोकियाले पनि यो प्रविधि प्रयोग गर्न सकिने ४ वटा मोडलका ह्यान्डसेट निर्माण गरिसकेको छ।

**–एकराज सुवेदी**



# बुटवलमा पनि इन्फोटेक

बुटवल- कम्प्युटर एसोसियसन अफ नेपाल (क्यान) लुम्बिनीको आयोजनामा बुटवलमा राष्ट्रिय स्तरको सूचना तथा सञ्चार प्रविधि प्रदर्शनी (क्यान इन्फोटेक-२००८) हुने भएको छ। आगामी फागुन २३ गतेदेखि २६ गतेसम्म बुटवलमा हुने इन्फोटेकको आन्तरिक तयारी सुरु भैसकेको छ। इन्फोटेकमा जापान, कोरिया, भारत लगायतका सूचना प्रविधिसँग सम्बन्धित कम्पनीका उत्पादनहरूका १ सय २० स्टल सहभागी गराइनेछ। कम्प्युटर व्यवसायी, टेलिकम सेवाप्रदायक, सूचना प्रविधि, कलेज एवं विश्वविद्यालय, सूचना प्रविधि इन्स्टिच्यूट, नेटवर्क सेवा प्रदायक, इन्टरनेट सेवा प्रदायक, सफ्टवेयर उत्पादक र इन्टरनेट बैंकिङ सेवालगायतले आ-आफ्ना उत्पादन

CAN InfoTech 2008
14th Nepal Information Technology Show & Conference

एवं सेवाहरू प्रदर्शन गर्ने इन्फोटेक १ लाख ५० हजारभन्दा बढी दर्शकले अवलोकन गर्ने अपेक्षा आयोजकहरूको छ। इन्फोटेकमा आईसीटी कन्फरेन्स सञ्चालन गरी नेपाली तथा विदेशी विज्ञहरूद्वारा कार्यपत्र प्रस्तुत गरिनेछ। इन्फोटेकमा सूचना तथा सञ्चार प्रविधि क्षेत्रमा देखा परेका समस्या र असुविधाका बारेमा गहन छलफल तथा प्राविधिक ज्ञान र अनुभवको आदानप्रदान हुनेछ। इन्फोटेक सम्पन्न गर्न क्यान लुम्बिनीका अध्यक्ष विष्णुमान बज्राचार्य भन्छन्– 'यस पटकको इन्फोटेकलाई विगतका भन्दा व्यवस्थित एवं उपलब्धिमूलक बनाइनेछ।

# साप्ताहिक झल्को

## बसु दिदीको भगवान् भरोसा



नेपाली कलाकार भाषण गर्ने कुरामा कमजोर छन् भन्ने त जगजाहेर छ। तैपनि सार्वजनिक कार्यक्रममा उनीहरूकै वाणीलाई महत्त्वपूर्ण मानिन्छ। अझ उमेरका हिसाबले पाका कलाकारलाई यस्ता कार्यक्रममा वरिष्ठ भनेर सम्बोधन गर्दै मञ्च दिने चलन छ।

राजधानीमा आयोजित एक कार्यक्रममा वरिष्ठ अभिनेत्री बसु दिदीले राम्रो चलचित्र बनोस् भन्दै तेत्तीसकोटी देवतालाई पुकारेर सबैलाई अचम्ममा पारिदिइन्। विषय थियो– आकाश अधिकारीले बनाउने चलचित्र सूर्योदयको। सूर्योदयलाई शुभकामना दिन निम्त्याइएकाहरूमध्ये धेरै कलाकारले विषयको जटिलता तथा अन्तर्राष्ट्रिय बजारमा प्रदर्शन गर्दा अपनाउनुपर्ने शैलीका बारेमा बोले पनि बसु दिदीले भने 'भाइले राम्रो चलचित्र बनाउने हुनु भयो खुसी लाग्यो' भन्दै चलचित्रको सफलताका लागि तेत्तीस कोटी देवतालाई सलाम गरिन्।

पछाडिपट्टि गाइँगुइँ सुरु भैहाल्यो– विदेशीले पनि नेपाली बुझेका भए त बसु दिदीले इज्जतै फालिन्। अर्का निर्देशक लक्ष्मीनाथ शर्माले समेत बसु दिदीकै पथ अनुसरण गर्दै तेत्तीस कोटी देवतालाई पुकारेपछि भने सबै चुपचाप भए। नजिकै बसेका अर्का एक जना चलचित्रकर्मी भन्दै थिए– 'पढेलेखेका चलचित्रकर्मी पनि राम्रो चलचित्रका लागि भगवान्कै शरणमा पर्दा रहेछन्।'

## शिव दाइ हुनुहुन्न



प्रसंग चलचित्र 'सूर्योदय' कै हो। हल्का खैरो केश, ब्ल्याक ड्रेस अप। त्यो दिनको शिव श्रेष्ठको हाई-फाई पनि निकै थियो। हिमालयन होटलमा आयोजित कार्यक्रममा शिव श्रेष्ठ आयोजककै हाराहारीमा आगन्तुकलाई स्वागत गरेर बसेका थिए। कार्यक्रमका लागि पुग्नेहरू कोही निर्देशक आकाशसँग राम्रो दोस्ती भएका कारण शिव श्रेष्ठ स्वागतका लागि बसेका भन्थे त कोहीचाहिँ टिप्पणी गर्दै थिए– 'चलचित्रको हिरो भएपछि आफ्नो युनिटको काम सघाउनैपर्‍यो नि।'

कार्यक्रम सुरु भयो, डयासमा बोलाइनुपर्ने व्यक्तिहरू बोलाइए। त्यसमा पनि शिव दाइको उपस्थिति अग्रपंक्तिमै थियो। पालैपालो वक्ताहरू बोल्दै गए। निर्माता, वितरकलगायत उपस्थित आमव्यक्तिको पालो आयो तर शिव दाइको बोल्ने पालो आएन। अन्तमा प्रश्नोत्तर कार्यक्रम सुरु भयो। निर्देशक आकाश अधिकारीलाई एकजना सञ्चारकर्मीले प्रश्न गरे। यसमा कलाकार को-को हुनुहुन्छ ? आकाश अधिकारीले तुरुन्तै जवाफ दिए– 'यसमा शिव दाइ र म हुँदैनौं, विषयअनुरूपका पात्र खोज्ने काम भैरहेको छ।' त्यसपछि भने खासखुस गर्नेहरू चुपमात्र भएनन्, शिव दाइ निर्माण युनिटमा अग्रपंक्तिमा कसरी आएछन् भन्नेमा केही व्यक्ति लागे। त्यो पनि थाहा भैहाल्यो। सूर्योदयका एकजना निर्माता शिव दाइले नै खोजेका रहेछन्।



**बालबालिकाको नायिका क्रेज : रामजी लामिछानेद्वारा निर्देशित चलचित्र राज्यको छायांकनका अवसरमा नायिका उषा पौडेलसँग अटोग्राफ लिँदै पोखराका स्कुले बालबालिकाहरू।**

**तस्बिर : शिव शर्मा**

## यस्तो पो ओपनिङ

'प्रभुशमशेरले यो के गरेको ? एउटा एलसीडी फिल्म बनाउने पैसा त ओपनिङमै सके त।' -एक चलचित्र निर्माता दंग पर्दै अर्का चलचित्र निर्मातासँग कुरा गर्दै थिए– झिलिमिली लाइटमा झन्डै दस जना नर्तकीहरू जाडो नै तताउने 'ओपन ड्रेस'मा मञ्चमा आए। डिजे युवाले गीतलाई रिमिक्स गर्दै बजाए- 'मेरो एउटा साथी छ...'। यद्यपि यो गीत सुगम पोखरेलले गाएको चर्चित गीत भने होइन। चलचित्रकै शीर्षक थियो– 'मेरो एउटा साथी छ'। म्युजिक भिडियो तथा कार्यक्रमहरूमा ग्ल्यामर आइटम डान्स गराउन खप्पिस मानिएकी नृत्य निर्देशक रेनेशाले उक्त चलचित्रमार्फत पहिलो पटक चलचित्रमा नृत्य निर्देशन गर्ने अवसर पाएकी थिइन्। त्यसैको खुसीजस्तै गरेर उनका नर्तकीहरूले कठ्याङ्ग्रिने जाडोमा पनि कस्सिएको हाफ पाइन्ट र स्लिभलेसमा कम्मर हल्लाउँदै नाचे। बियर, वाइन र ह्विस्कीको मादमा मदमस्त चलचित्रकर्मी तथा आमन्त्रितहरू उनीहरूको नाच हेरेर



मात्तिँदै थिए। 'घातक'बाट चलचित्र निर्माणमा हात हालेका प्रभुशमशेर राणाले अर्को चलचित्र 'राज्य' पनि बनाइसकेका छन्। यी दुवै चलचित्र सार्वजनिक भएका छैनन्। वर्षमा तीनदेखि चारवटा चलचित्र निर्माण गर्ने लक्ष्य लिएको राणाको आइकोर मुभिजले तेस्रो चलचित्रका रूपमा 'मेरो एउटा साथी छ'को निर्देशनको जिम्मा सुदर्शन थापालाई दिएको छ। थापा केही समयअघि कान्तिपुर टेलिभिजनबाट प्रसारण भएको श्रृंखला 'हाउसफुल'को निर्देशक हुन्। चलचित्रमा उनले 'हाउसफुल'कै नायक आर्यन सिग्देललाई नायक बनाएका छन् भने नायिकाको चयन हुन बाँकी छ।

## चलचित्र

### बम्बई टु बैङ्कक



बलिउड चलचित्र उद्योगमा आज चलचित्र 'बम्बई टु बैङ्कक' सार्वजनिक हुँदैछ। सुपरहिट चलचित्र ओम शान्ति ओममा शाहरूख खानसँग सहायक नायकको भूमिकामा खरो उत्रिएका श्रेयस तलपडेले यो चलचित्रमा मुख्य भूमिका निर्वाह गरेका छन्। मुक्ता सर्चलाइट फिल्म्सको ब्यानरमा तयार भएको यो चलचित्रमा श्रेयस चोरको भूमिकामा देखिएका छन्। पैसाको आवश्यकता भएकाले स्थानीय डनको पैसा चोरेपछि भाग्ने क्रममा उनी बैङ्कक पुग्छन्, तर बाटोमा उनको सबै पैसा चोरी हुन्छ। बैङ्ककमा उनको भेट थाई युवती जस्मिनसँग हुन्छ, तर भाषाको समस्याका कारण उनीहरू एक-अर्कासँग कुराकानी गर्न सक्दैनन्। डाक्टरहरूको साथ लागेर बम्बईबाट बैङ्कक पुगेका श्रेयसले डाक्टरहरूकै सहयोगमा जस्मिनसँग प्रेमचक्कर प्रारम्भ गर्छन्। त्यतिबेलै श्रेयसलाई खोज्दै डनको समूह बैंङ्कक पुग्छ। त्यसपछि चलचित्रले अर्कै मोड लिन्छ। नागेश कुकुनरले लेखन तथा निर्देशन गरेको यो चलचित्रमा श्रेयसका अतिरिक्त लिना क्रिश्चियन्सन, विक्रम इनामदार, यतिन कार्येकर, नसिरुद्धिन शाह, विजय मौर्य, मनमित सिंह तथा जेनेभा तलवारले पनि अभिनय गरेका छन्।

### ट्वेन्टी सेभेन ड्रेसेज




कमेडी तथा रोमान्टिक चलचित्र 'ट्वेन्टी सेभेन ड्रेसेज' आज सार्वजनिक हुँदैछ। त्रिकोणात्मक प्रेमकथालाई कमेडी शैलीमा प्रस्तुत गरिएको यो चलचित्रलाई युवा पुस्ताले मन पराउने विश्लेषण गरिएको छ। चलचित्रमा जेन रोमान्टिक तथा आदर्श चरित्रका रूपमा मुख्य भूमिकामा देखा पर्छिन्। जेन गोप्य रूपमा आफ्नो बोससँग एकोहोरो प्रेम गरिरहेकै बेला जेनकि बहिनीले तिनै बोससँग वास्तविक प्रेम गर्छिन्। यो कुरा थाहा पाएपछि राम्रो दुलाहाको खोजीमा रहेकी जेन आफैं संकटमा पर्छिन्। क्याथरिन हैगल, नेम्स मार्सडेन, मलिन एकरम्यान, एडवार्ड बर्न्स, मेलोरा हार्डिनले मुख्य भूमिकामा अभिनय गरेको यो चलचित्रलाई एन्ने फ्लेकरले निर्देशन गरेका हुन्। १ घण्टा ४७ मिनेट लामो यो चलचित्रको छायांकन न्युयोर्क तथा रोहड आइल्यान्डमा गरिएको थियो।

# पोखरामा मिस टिन



पोखरा- प्रत्येक वर्ष दुईभन्दा बढी सौन्दर्य प्रतियोगिता हुँदै आएको पोखरामा मिस टिन प्रतियोगिताको रमझम सुरु भएको छ। द राइट आर्म इन्टरनेसनल प्रा.लि.ले आयोजना गर्ने यस पटकको प्रतियोगितामा १३ देखि १९ वर्ष उमेर समूहका किशोरीहरूले प्रतिस्पर्धा गर्न पाउनेछन्– आयोजक संस्थाका संजय मल्लले साप्ताहिकलाई जानकारी दिए।

लुकेर रहेको आन्तिरिक प्रतिभालाई उजागर गर्ने उद्देश्यले फागुन ४ गते हुन लागेको प्रतियोगिताको तयारी अहिलेदेखि नै सुरु भैसकेको छ। पटक-पटक विवादित हुँदै आएको सौन्दर्य प्रतियोगितामा यस पटक आयोजकको कुनै हस्तक्षेप नहुने दावी गरिए पनि प्रतियोगितामा सहभागीहरूका लागि महँगो शुल्क राखिएकाले सोचेजति प्रतिस्पर्धीले भाग लिन सकेका छैनन्। भाग लिने सोच बनाएको थिएँ, एक किशोरीले भनिन्- 'शुल्क अलि महँगो भयो। प्रतियोगितामा सहभागीहरूलाई २५ दिनसम्म व्यक्तित्व-विकाससम्बन्धी तालिम दिइने भएको छ। मिस टिन पोखरा-२००८ उपाधिसँगै फस्ट रनरअप, सेकेन्ड रनरअप, बेस्ट ड्रेस, बेस्ट हेयर फोटोजेनिक, चार्मिङ, डिसिप्लिन आदि विभिन्न १६ विधामा पुरस्कृत गरिने कार्यक्रम संयोजक हरि पराजुलीले जानकारी दिए।

**–शिव शर्मा**

पहिलो विश्व

# मोबाइलमा बढ्दो यौन



यौनव्यापारका विभिन्न रूप छन्। कुनै समय वेश्यालय सर्वाधिक लोकप्रिय र कारोबार हुने यौनव्यापार स्थल थियो तर अहिले यौनको व्यापार यौनसामग्रीदेखि लिएर मनोरञ्जनका साधनतर्फ विकेन्द्रित हुन थालेको छ। यसै क्रममा पछिल्लो पटक मोबाइल फोन पनि देखा परेको छ। बेलायतको जुपिटर संस्थाले गरेको सर्वेक्षणमा अबको यौनको व्यापार मोबाइल फोनमा फस्टाउने संकेत गरेको छ। उक्त सर्वेक्षणअनुसार सन् २०११ सम्ममा मोबाइल फोनमार्फत् यौनको व्यापार बढेर वार्षिक ३३ करोड डलर अर्थात् २१ अर्ब १२ करोड रुपैयाँ पुग्ने अनुमान गरिएको छ। सन् २००७ मा मात्र मोबाइल फोनमार्फत यौनको कारोबार १४ करोड डलर अर्थात् ८ अर्ब ९६ करोड रुपैयाँ बराबर थियो। थ्रिजी मोबाइल आएपछि मोबाइलमार्फत यौनको कारोबारमा वृद्धि हुन थालेको हो। यसको सर्वाधिक ठूलो बजार युरोप हो। अहिले मोबाइलमा तस्बिर, चलचित्र, डिभिडी, पिपिभी टेलिभिजनजस्ता सेवा उपलब्ध छन्।









## पाइन्टमै पेन्टी

डेनिम विश्वमै लोकप्रिय कपडा मानिन्छ। यही कपडा प्रयोग गरेर विश्वभर एक हजारभन्दा बढी कम्पनीले विभिन्न खालका पोसाक निर्माण गर्छन्। यसै क्रममा युवतीहरुबीच पाइन्टमार्फत् पेन्टी देखाउने फेसन बढेपछि एक कम्पनीले डेनिमको पाइन्टमै पेन्टीसमेत राखिदिएको छ।

## निर्वस्त्र योग

योग मूलत: हिन्दू परम्पराको अभिन्न अंग मानिए पनि यसले अहिले विश्वभर नै लोकप्रियता पाइरहेको छ। योगगुरुहरूले आफूलाई कम्मरभन्दा माथि निर्वस्त्र राख्छन् तर पश्चिमी समाजमा त्यसलाई अझ परिमार्जन गर्दै निर्वस्त्र योग प्रारम्भ भएको छ। अमेरिकाको लस एन्जलस, न्यूयोर्क तथा सानफ्रान्सिस्कोमा योग प्रशिक्षण गराउँदै आएका डेभिड फेबेलिङले निर्वस्त्र भएर योगको प्रशिक्षण गराउँछन्। डेभिड भन्छन्- मैले क्यानाडाको भ्यानकुभरमा योग शिक्षा लिंदा त्यहाँका प्रशिक्षकले निर्वस्त्र भएर योग प्रशिक्षण गराएको देखेको थिएँ। मैले त्यही कुरालाई अमेरिकामा प्रयोग गरेको हुँ।

डेभिडले आफूले निर्वस्त्र भएर योगको प्रशिक्षण दिएको तस्बिरलाई पोस्टकार्डका रूपमा वितरण गरेर स्थानीय व्यक्तिहरूलाई निर्वस्त्र योग अभ्यासप्रति आकर्षित गर्ने प्रयास गरेका थिए। त्यसले सकारात्मक रूप देखाएपछि उनले प्रशिक्षण केन्द्र सञ्चालन गरेका हुन्।



## अन्त्यमा ...



वातावरणमा धेरै कुराले असर पुऱ्याउँछ, तर पारपाचुके गऱ्यो भने पनि वातारवरणमा असर पुग्छ भन्ने कुरा तपाईंलाई थाहा छ ? मिचिगन स्टेट युनिभर्सिटीका वातावरणका प्राध्यापकले गरेको एक अनुसन्धानअनुसार पारपाचुके गर्नाले प्रदूषण बढ्ने देखिन्छ। उक्त अनुसन्धानअनुसार मिलेर बसेको परिवारले भन्दा पारपाचुके गरेको परिवारले जमिनका साथै पानी तथा इन्धनको खपत बढी गर्छन्। उनले हिटर, पंखा, फ्रिज, बत्ती जस्ता उपकरण थोरै परिवारलाई पनि त्यत्ति नै चाहिने र भिन्न भएर बसेका व्यक्तिलाई पनि त्यत्तिनै मात्रामा चाहिन्छ। यसबाहेक अनुसन्धानमा घरबाट निस्कने फोहोरदेखि सवारी साधनसम्मको प्रयोगमा केन्द्रित छ। वातावरण जोगाउनु छ भने मिलेर बसौं है।

## सानो पर्दा

**कान्तिपुर** टेलिभिजनमा नयाँ कार्यक्रमको ताँती लागेको छ। हरेक दिन नयाँ कार्यक्रमको अवधारणामा अब कान्तिपुर टेलिभिजनका दर्शकले नयाँ-नयाँ कार्यक्रम हेर्न पाउनेछन्। कान्तिपुर टेलिभिजनबाट हरेक दिन साँझ पाँच बजेदेखि एक घण्टा प्रत्यक्ष प्रसारण हुने कार्यक्रम 'कल कान्तिपुर'लाई गत साताको बुधबारदेखि 'कल कान्तिपुर रिलोडेड' नामबाट पाँच बजेदेखि हरेक दिन डेढ घण्टा प्रत्यक्ष प्रसारण गर्न थालिएको छ। उक्त कार्यक्रमको सञ्चालक सुरजसिंह ठकुरी तथा माल्भिका सुब्बा रहेका छन्। त्यसैगरी हरेक रात दस बजे जनतासँग प्रत्यक्ष सरोकार राखेका राज्यका समस्या तथा खबरलाई 'आज' शीर्षकको प्रत्यक्ष प्रसारणमा हेर्न पाइनेछ। उक्त कार्यक्रमको निर्माण कान्तिपुरका सबै कार्यक्रम निर्माताले संयुक्त रूपमा गरिरहेका छन्। त्यसैगरी हरेक दिन बिहान नौ बजेदेखि एक घण्टा दर्शकले आफ्नो भविष्यवाणी प्रत्यक्ष सुन्न पाउने कार्यक्रम 'भविष्य दर्पण'को पनि प्रसारण आरम्भ भएको छ। पं. वासुदेवकृष्ण शास्त्रीको निर्माणमा प्रत्यक्ष प्रसारण भैरहेको उक्त कार्यक्रममा दर्शकले टेलिफोनका माध्यमबाट ज्योतिषसँग आफ्नो



ग्रहदशा तथा भविष्य जान्न पाउनेछन्। यसका साथै लोकदोहोरी गीतको काउन्ट डाउन कार्यक्रम 'लोकदोहोरी काउन्ट डाउन'को प्रसारण हरेक आइतबार साँझ साढे छ बजे हुन थालेको छ। युवा पुस्ताको चाहनालाई ध्यानमा राखी निर्माण गरिएको रमाइलो धारावाहिक 'क्याफे कान्तिपुर'को पनि प्रसारण आरम्भ भएको छ। सन्तोष सिलवाल गिरी, निशा अधिकारी, अभिषेक राणा, ऋचा शर्मा, सुनील तथा प्रियङ्का थापा आदिद्वारा अभिनीत एवं सूर्य नारायणद्वारा निर्देशित उक्त धारावाहिक हरेक मंगलबार साँझ साढे सात बजे प्रसारण हुन्छ। यातायात तथा सवारी साधनका बारेमा जानकारी दिने कार्यक्रम 'लाइसेन्स टु ड्राइभ' पनि हरेक बिहीबार साँझ साढे छ बजे प्रसारण हुन थालेको छ भने हास्य धारावाहिक 'लगन जुर्ला जस्तो छ'को प्रसारण पनि बिहीबार नै साँझ साढे सात बजे हुन थालेको छ। यसैगरी बालबालिकाहरूसँग विभिन्न सेलिब्रेटीहरूको प्रत्यक्ष भेटघाट एवं उनीहरूसँग रमाइलो गराइने कार्यक्रम 'कान्तिपुर फ्यान क्लब'को प्रसारण पनि हरेक शुक्रबार साँझ साढे छ बजे हुन थालेको छ भने शुक्रबार नै अर्को कार्यक्रम 'यस्तै छ यहाँको चलन' साँझ साढे सात बजे प्रसारण भैरहेको छ। केही



समयअघि कान्तिपुर टेलिभिजनमा 'मह टाइम' अन्तर्गत प्रसारण भै निकै चर्चामा रहेको श्रृंखला 'मदनबहादुर हरिबहादुर'लाई दर्शकले फेरी नयाँ श्रृंखला 'मह तोप' अन्तर्गत हेर्न पाउनेछन्। हास्यजोडी मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यको निर्देशन तथा अभिनय रहेको उक्त श्रृंखला कान्तिपुर टेलिभिजनमा हरेक शुक्रबार राति नौ बजे प्रसारण हुन थालेको छ। यसका साथै उक्त टेलिभिजन च्यानलबाट निकट भविष्यमा हाजिरीजवाफ प्रतियोगिता 'क्विज ह्विज' पनि प्रसारण हुने भएको छ।

## लभ गुरु रेखा



**म २५ वर्षीया युवती हुँ। म एक युवकलाई निकै माया गर्छु। ऊ पनि मलाई माया गर्छ। मेरो समस्या भनेको ऊ ब्राह्मण हो भने म नेवार। जात नमिलेका कारण ऊ आफ्नो परिवारका लागि हामीबीचको माया त्याग्न तयार छ, तर म कुनै पनि अवस्थामा आफ्नो माया गुमाउन चाहन्नँ। त्यसैले आफ्नो माया जोगाउन म के गरूँ ? म उसको परिवारलाई कसरी सम्झाऊँ ?**

**–अभागी**

तपाईंको पत्रमा समस्या त्यत्ति खुलस्त छैन। युवकले तपाईंका बारेमा आफ्ना अभिभावकहरूसँग कुरा गरेपछि अभिभावक नमानेका हुन् भन्ने अनुमान तपाईंको पत्रबाट लगाउन सकिन्छ। तपाईंको युवकका अभिभावकसँग प्रत्यक्ष कुरा भएको छ कि छैन ? निकै माया गरिरहेकी प्रेमिकालाई परिवारका कारण त्याग्न विवश हुनुपर्ने गरी परिवारबाट उसलाई कस्ता प्रकारका दबाब आएका छन् ? जस्ता कुराहरू पत्रमा भैदिए बेस हुन्थ्यो। अचेल अन्तजार्तीय विवाह हुनु सामान्य भैसकेको छ। प्रेमविवाहमा त यो क्रम बढ्दो छ। हुन त कतिपय परिवार आफ्नो जातिप्रति कट्टर पनि देखिन्छन्। यस्तो अवस्थामा प्रेमीप्रेमिका एक भएर संघर्ष गर्नुपर्ने हुन्छ। सामान्यतया प्रेममा संघर्ष नगरी प्राप्ति हुँदैन। प्रेमको तत्कालीन सफलता विवाह गरी एक-अर्कालाई जीवनसाथी बनाउनु हो। यदि तपाईंको प्रेमी संघर्ष गर्न तयार छैन भने उनलाई तपाईंसँग प्रेम गर्ने अधिकार पनि छैन। प्रेम गर्नुअघि नै उनले म अन्तर्जातीय युवतीसँग प्रेम गर्दैछु भन्ने कुरा विचार गरेकै थिए होलान्। प्रेममा अघि बढेपछि पाइला पछि सार्नु भनेको कायरता हो। जुन तपाईंको प्रेमीमा देखिएको छ। एकपटक उनीसँग अन्तिम कुरा गर्नुहोस्। यदि उनी अझै पनि संघर्ष गर्न तयार छैनन् भने ढुक्क हुनुहोस् कि उनी तपाईंका लागि योग्य छैनन्।

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनु होस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।

## मोबाइलको ब्याट्री इलेक्ट्रिसिटीले चार्ज हुन्छ भने मानिस के ले चार्ज हुन्छ ?

**केवल एक प्रश्न**



हा हा हा....ओ माई गड, कस्तो प्रश्न गरेको ? मानिस खानाले चार्ज हुन्छ। केटाहरू रक्सीले चार्ज हुन्छन्, केटीहरू ह्यान्डसम केटा देखेपछि ....हुन त एकले अर्कोलाई देखेपछि चार्ज सुरु भैहाल्ला हैन ? हा हा..

**रेखा थापा, नायिका**

कस्तो प्रश्न ? मानिस चार्ज हुन दिमाग ताजा हुनुपर्छ। शरीरमा कुनै डिस्टर्ब नभएपछि चार्ज आफैं भैहाल्छ नि ... दिमाग चार्ज गर्न समयमा खाना खानुपर्छ। विपरीत लिङ्गीप्रतिको हेराइले पनि चार्ज होला हा हा... ।

**योगेन्द्र श्रेष्ठ, द्वन्द्व निर्देशक**

पुरुष पात्रहरू राम्रा तरुनी देखे भने आँखाको माध्यमबाट चार्ज हुन्छन्, महिला पात्रहरू पुरुषको कमिजको खल्तीमा हजार-हजारको नोट देखेपछि चार्ज हुन्छन्। त्यस्तै राजनैतिक दलका नेताहरूचाहिँ सरकारमा बसेका पार्टीका मन्त्रीबीच खटपट भयो भने चार्ज हुन्छन्, सरकारका मन्त्रीहरू कुनै ठाउँबाट कमिसन आउने थाहा पाएपछि चार्ज हुन्छन्।

**दीपकराज गिरी, कलाकार**

ए मेरो त घाँटी बसेको छ, बिस्तारै उत्तर दिन्छु है ....सुन्नुस् है त .. मानिस माया-प्रेमले चार्ज हुन्छ। मानिस सबै ठाउँमा खुसी हुँदैन, तर बीचमा माया-प्रेम आयो भने ऊर्जा थपिन्छ। माया-प्रेम चार्जका लागि सबैभन्दा उत्तम माध्यम हुनसक्छ.... ।

**दीपाश्री निरौला, कलाकार**

मानिस चार्ज भयो भने त बर्बादै हुन्छ नि, मानिसले अरूलाई चार्ज गर्ने हो, आफैं चार्ज हुने होइन। सही उत्तर दिऊँ ? मानिस उत्साहले चार्ज हुन्छ।

**कोमल वली, गायिका**

# बिट कन्टेस्टमा रमाए युवाहरु



बुटवल- झन्डै पाँच वर्षको अन्तरालपछि बुटवलमा अन्तरकलेज तथा खुला बिट कन्टेस्ट सम्पन्न भएको छ। ग्लोरियस कलेज बीबीएस दोस्रो वर्षका विद्यार्थीहरूले आयोजना गरेको कन्टेस्टमा पप तथा रक संगीतका पारखी युवायुवतीहरू प्रतियोगी ब्यान्डसँगै गाउँदै रमाए। कार्यक्रममा १९४७ एडीका गायक तथा कन्टेस्टका निर्णायक फिरोज स्याङदेनले 'मायालुले', 'गुराँसै फुल्यो', 'परेलीमा', 'चौबन्दी चोली' र 'वरपर गाउँभरि हल्ला छ' गीत गाएर सहभागीहरूलाई उफारे। नौवटा ब्यान्डले भाग लिएको प्रतियोगितामा रवि विक, अमित सेन्चुरी, प्रताप र रौनक गुरुङ तथा अर्जुन प्रधान सहभागी भएको बुद्ध ज्योति कलेज भैरहवा प्रथम भयो।

उक्त अवसरमा तुलसी जोशी, मोहन र कृष्ण सारु, अबिरल शाक्य तथा योगेनको समूह न्यू होराइजन कलेज बुटवल द्वितीय तथा मीनष गोदार, विशाल, रमेश थापा, दीपक, प्रकाश गुरुङको बी सेभेन, भैरहवा तृतीय भए। विजयी ब्यान्डहरूले क्रमशः ५ हजार, ३ हजार तथा २ हजार नगद पुरस्कार प्राप्त गरे। बेस्ट भोकलिस्टमा ग्लोरियस कलेजका नीरज शाक्य, बेस्ट ड्रमरमा एचिभर्स कलेजका सन्देश प्रधान, बेस्ट लिड गिटारिस्टमा डिस्पर्सन अफ इन्फिटी ब्यान्डका रुपेश मल्ल, बेस्ट बास गिटारिस्टमा बुद्ध ज्योति कलेजका रौसक गुरुङ तथा बेस्ट रिदम गिटारिस्टमा ग्लोरियसका विजय श्रेष्ठ पुरस्कृत भए। स्थानीय ब्यान्डहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले आयोजना गरिएको यो प्रतियोगितामा १ हजारभन्दा बढीको उपस्थिति रहेको आयोजक नीरज शाक्यले साप्ताहिकलाई बताए।

**-टोपराज शर्मा**



सिरियलबाट अभिनय यात्रा प्रारम्भ गरेकी रञ्जना शर्माले पछिल्लो पटक ठूलो पर्दाको चलचित्र 'मर्यादा' मा मुख्य भूमिका निर्वाह गरेकी छिन। आफ्नै श्रीमान् निर्देशक श्याम भट्टराईले बनाएको चललचित्रमा मुख्य भूमिका निर्वाह गरे पनि अरुमा नदेखिँदा रञ्जनाले काम नपाएको भन्नेहरू पनि धेरै छन, तर उनी यो कुरा स्वीकार गर्दिनन्। मर्यादापछि पनि चलचित्रकै काममा व्यस्त रहेको बताउँछिन उनी। केही म्युजिक भिडियोमा मोडलिङ गरेर राम्रै चर्चा पाएकी रञ्जना म्युजिक भिडियोलाई पनि उत्तिकै महत्व दिने योजनामा छिन। प्रभावको हिसाबले म्युजिक भिडियो चलचित्रभन्दा अगाडि रहेको उनको मान्यता छ।

## जम्का भेट

**विवाहपछि सुस्ताउनुभएको हो ?**

होइन, म अहिले पनि आफ्नै काममा व्यस्त छु। विवाहअघि र पछि अलिकति फरक त भैहाल्छ नि, तर तपाईंले भनेजस्तै सुस्ताएको चाहिँ होइन।

**श्रीमान्को निर्देशन रहेको मर्यादापछि अरू चलचित्रमा काम गरेको त देखिएन नि ?**

ठूलो पर्दामा काम नगरे पनि डिजिटल फिल्ममा काम गरेकी छु। चलचित्रका साथै म्युजिक भिडियोमा पनि काम गरेकाले चलचित्रको संख्या कमजस्तो लागेको हो।

**नयाँ चलचित्रमा काम गर्नुअघि श्रीमान्सँग अनुमति लिनुपर्छ रे, होइन ?**

यसलाई जसरी बुझे पनि हुन्छ। श्रीमान्-श्रीमती भएपछि सरसल्लाह त भैहाल्छ। नयाँ चलचित्र मात्र होइन, हरेक काम गर्दा हामी सल्लाहमा गर्छौं।

**ठाकठुक कत्तिको पर्छ ?**

नेपाली उखानै छ, आगो त नठोसी बल्दैन। अलिअलि ठाकठुक त भैहाल्छ तर बोलचालै बन्द हुने गरी झगडा परेको छैन।

**विवाहअघि र पछि के फरक हुँदो रै'छ ?**

धेरै फरक हुन्छ। पहिले आफ्नै निर्णय सर्वोपरि हुन्थ्यो भने अहिले हरेक कुरामा सरसल्लाह गर्नुपर्छ। श्रीमान् मात्रै नभएर घरपरिवारका सबै सदस्यलाई चित्त बुझ्ने काम गर्नुपर्छ, तर रमाइलो विवाहपछि नै हुँदो रै'छ।

**श्रीमान्ले निर्देशन गरेको चलचित्र समयमै प्रदर्शन नहुँदा नरमाइलो लाग्दैन ?**

लाग्छ नि। लागेर मात्र के गर्नु ? आफूले चाहेजस्तो सबै कुरा कहाँ पाइन्छ र ! त्यसमाथि चलचित्र त टिमवर्कमा हुने काम हो। यहाँ एउटाको निर्णयले मात्र काम गर्दैन।

# आनन्दसँगै नाचे मुम्बईका दर्शक



**वीरेन्द्र पौडेल**

मुम्बई– आधुनिक तथा गजल गायनक्षेत्रमा आफ्नो छुट्टै स्थान बनाउन सफल गायक आनन्द कार्कीले गत शुक्रबार मुम्बईमा सम्पन्न सांस्कृतिक कार्यक्रममा प्रवासी नेपालीहरूलाई भरपूर मनोरञ्जन मात्र दिएनन्, उनी आफ्नो गीतसँगै दर्शकलाई नचाउन पनि सफल भए। दुई दशकअघिदेखि नेपाली संगीतक्षेत्रमा निरन्तर लागिरहेका गायक कार्कीले जब यी हल्लाहरू हुन् तिमीले सुनेका र वनमा फूल्यो फूलजस्ता आफ्ना चर्चित गीतहरू प्रस्तुत गरे तब दर्शकहरू तालमा ताल मिलाएर ताली बजाउन र नाच्न थाले। शिवसेना प्रमुख बाला साहेब ठाकरेको जन्मोत्सवका अवसरमा नेपाल शिवसेनाले आयोजना गरेको विविध मनोरञ्जनात्मक सांस्कृतिक कार्यक्रममा सधैं रेडियो र एल्बमबाट आवाज मात्र सुन्न सकिने गायक कार्कीलाई प्रत्यक्ष देखेपछि गीत-संगीतप्रेमी प्रवासी श्रोतादर्शकहरू निकै हर्षित भएका थिए। मुम्बईका अन्य स्थानीय कलाकारहरूद्वारा विभिन्न गीत तथा नृत्य प्रस्तुत गरिएको उक्त कार्यक्रमको प्रमुख अतिथि प्रसिद्ध हृदयरोग विशेषज्ञ अनिरुद्ध धर्माधिकारी हुनुहुन्थ्यो भने कार्यक्रममा शिवसेना महापौर विनायक भाउ पाण्डे, नेपाल शिवसेनाका नाशिक प्रमुख गोपाल सेन्चुरी, बिटिभी सञ्चालक वीरेन्द्र बोहोरा, नेपाल शिवसेनाका प्रमुख सिंहविक्रम पराजुली, उपसम्पर्क प्रमुख अशोक नेपाली आदिको सहभागिता थियो। मुम्बईनजिकको नाशिकस्थित कालिदास नाट्यशालामा सम्पन्न उक्त कार्यक्रममा प्रवासी नेपालीहरूको उत्साहजनक सहभागिता थियो। कार्यक्रममा सहभागी हुन मलेसियाबाट गत बिहीबार नै मुम्बई आइपुगेका गायक कार्की केही दिनको मुम्बई बसाइपछि पुनः मलेसिया फर्किएका छन्।

## सा‍ताको स्वर



### हेमन्त राना

**पाप-पुण्य कस्तो प्रकारको गीत हो ?**
यो सेमी पप गीत हो । चार-चार बिटमा तयार भएको यो गीत सेन्टिमेन्टल भावमा छ । यो गीतका लागि मैले निकै मेहनत गरेको छु ।

**गीतको भाव कस्तो छ ?**
दोधार मनस्थितिमा रहेका प्रेमी-प्रेमिकाका भावनालाई प्रश्नमार्फत व्यक्त गरिएको छ । जसमा दुवैको गल्ती हुँदैन, तर परिस्थिति उनीहरूका लागि प्रतिकूल बनेको भाव गीतमा छ ।

**प्रतिक्रिया कस्तो पाउनुभयो त ?**
धेरै राम्रो छ, पहिलो गीतले नै मेरो सांगीतिक जीवनमा टर्निङ प्वाइन्ट ल्याइदियो । मेहनतअनुसारकै प्रतिफल पाएको छु ।

**यो गीतका लक्षित श्रोता को हुन् ?**
संगीत मन पराउने सबै श्रोतालाई लक्षित गरेको छु, त्यसैले पनि सेमीपप गीत गाएको हो, तर गीतमा प्रेम-प्रसङ्ग पनि जोडिएकाले युवाहरूले विशेष मन पराउँछन् ।

**गीतको म्युजिक भिडियो कस्तो बनेको छ ?**
मलाई मात्र राम्रो लागेको होइन, भिडियो हेरेर प्रतिक्रिया दिने सबैले राम्रो छ भनेका छन् । गीतको भावलाई भिडियोमा राम्रोसँग उतारिएको छ ।

## म्यूजिक अपडेट

**कुनै** कृतिको लोकार्पण भव्य स्टेज र सभाहलमा भएको देख्नुभएकै होला, तर पोखरामा सञ्चारकर्मी दीपेन श्रेष्ठको गीतिएल्बम 'बन्दैन नयाँ नेपाल यस्तो पाराले' लोकार्पणको शैली अलिक पृथक् रहयो । भीमसेनचोकमा अवस्थित जनआन्दोलन भाग-२ का सहिद भीमसेन दाहालको सालिकलाई साक्षी राखेर एल्बमको विमोचन गरियो । सहिद पत्नी सविता दाहालकै हातबाट एल्बमको विमोचन गरिएको थियो । जनतामा जागरण र चेतना अनि नेताहरूलाई खबरदारीका साथै उनीहरूबाट जिम्मेवारीबोधको अपेक्षा गर्दै लेखिएका शब्दहरू समेटिएको एल्बममा रामचन्द्र काफ्ले, जुनु रिजाल, रीमा गुरुङ होडा तथा हरिदेवी कोइरालाको स्वर समेटिएको छ । सबै गीतको रचना दीपेन श्रेष्ठले गरेका छन् ।

**जातीय** द्वन्द्वमा अल्मलिएका नेपाली जनता एवं मुलुकलाई शान्तिको बाटोमा लाने उद्देश्यले गायक सुमित खड्काले 'कोही छैन यहाँ पराई' नामक गीतिएल्बम सार्वजनिक गरेका छन् । संदेशमूलक गीतमा हिमालका फुर्वा शेर्पा र तराईका राजवंशीलाई समावेश गरेर पहाडका खड्काले गीतमा नयाँ प्रयोग गरेका छन् । हेन्डबल खेलबाट राष्ट्रिय खेलकुद परिषद्का जागिरे प्रशिक्षक भएर गायन क्षेत्रमा क्रियाशील हुँदै राष्ट्रिय गीतमा २०६४ सालको इमेज एवार्ड जितेपछि त्यस्तै गीतको एल्बम निकाल्न तम्सिएका खड्काले गएको शनिबार विराटनगरमा एक समारोहका बीच सरकारका मुख्य सचिव भोजराज घिमिरेद्वारा एल्बम र सिडी विमोचन गराए । एल्बममा आठवटा राष्ट्रिय गीत समावेश छन् । दुई गीतका म्युजिक भिडियो तयार भैसकेको कुरा बताउँदै गायक तथा एल्बमका संगीतकार खड्काले क्रमशः सबै गीतका भिडियो निर्माण गरिने जानकारी दिए ।

**जुम्ल्याहा** गायक दाजुभाइ राम-लक्ष्मण दवाडी केही समयभित्रै आफ्ना म्युजिक भिडियोहरूको संग्रह 'सम्झना' बजारमा ल्याउने तयारी गरिरहेका छन् । पाँचवटा म्युजिक भिडियो समाविष्ट रहने उक्त संग्रहको शीर्षगीत 'सम्झना'को म्युजिक भिडियोको निर्माणकार्य निर्देशक नवराज आचार्यले हालै सम्पन्न गरेका छन् । आफ्नो नवगठित संगीत समूह 'मायाज'सँग रेकर्ड गरिएको उक्त रोमान्टिक गीतको म्युजिक भिडियोमा निर्देशक आचार्यले मोडल जेनिसा मोक्तानलाई अभिनय गराएका छन् । म्युजिक भिडियो यसै साता सार्वजनिक हुँदैछ ।

**नेपाली** संगीतक्षेत्रमा गायिकाहरूको आगमन बढिरहेको छ । पछिल्लो पटक गायिका हेमलता राईले आफ्नो पहिलो एकल एल्बम 'ग्रुभी' सार्वजनिक गरेकी छिन् । इन्द्रेणी क्यासेटले बजारमा ल्याएको उक्त एल्बममा कुमार मोक्तानको संगीत सुन्न पाइन्छ । उक्त एल्बममा समावेश एउटा गीतको म्युजिक भिडियो ह्वाइट एलसले निर्माण गरेको छ । यसैगरी गायिका मेडिना जोशीले गायक सुगम पोखरेलसँग गाएको गीत 'संगै गाँसेका ती नाता' गीतले हाल चर्चा पाइरहेको छ । म्युजिक वेभले बजारमा ल्याएको एल्बम 'योङ्ग हार्ट'मा समावेश उक्त गीतले चर्चा पाएपछि गायिका जोशी निकै उत्साहित छिन् ।

**नेपाली** तारा-२ को विजेता बनेपछि धादिङका सन्तोष लामाको सांगीतिक यात्रा धरानबाट सुरु भएको छ । धरानमा सञ्चालन भैरहेको अनाम महोत्सवलाई दोस्रो नेपाली तारा सन्तोषसहित उनका फाइनल प्रतिस्पर्धी तारा लक्सम, सूर्यकिरण लामाले मात्र होइन, दाजुभाइ सत्य-स्वरूपराज आचार्य र पहिलो नेपाली तारा दीपक लिम्बूले पनि संगीतमय बनाए । एक महिनाअघि मात्रै दोस्रो नेपाली तारा बनेर सांगीतिक यात्रामा चम्किएका सन्तोष लामाले मन छुने गीतहरू गाउँदै धरानेहरू श्रोताहरूलाई कम्मर मर्काउन लगाएका थिए । धरानमै संगीतको शिक्षा लिएका नेपाली तारा-२ का उपविजेता तारा लक्समले धराने साथीहरूको साथ सधैं पाइरहने अपेक्षा गर्दै दर्शककै छनौटका गीतहरू सुनाए । कार्यक्रमको अन्त्यमा स्टेजमा देखिएका हिपहप गायक अविनाश घिसिङ तथा पप स्टार धीरज राईले चिसिँदै गएको मौसमलाई निकै तताएका थिए । उक्त अवसरमा स्थानीय गायक रोशन राई तथा एस. नारायण चौधरीले समेत आ-आफ्ना गीत प्रस्तुत गरेका थिए ।

**रक** संगीत समूह 'अभया एन्ड द स्टिम इञ्जन्स'की गायिका अभया सुब्बाले एउटा फरक किसिमको गीत गाएकी छिन् । कवि तथा गीतकार विप्लव प्रतीकले तयारी 'ट्युन'मा रचना गरेको उक्त गीत गायिका सुब्बाको शैलीभन्दा पृथक् छ । नेपाली लोकधुनलाई पश्चिमा संगीतसँग फ्युजन गरी तयार पारिएको उक्त गीत सुब्बाले बीबीसी वर्ल्ड सर्भिसले हालसालै आयोजना गरेको 'द नेक्स्ट विग थिङ'मा पठाएकी थिइन् । सुब्बाले उक्त गीत समावेश भएको आफ्नो नयाँ एल्बम कुनै कम्पनीलाई बेचेकी छैनन् । बढी लगानी भएको उक्त एल्बम बेचेर लगानी उठ्ला भन्ने विश्वास उनलाई छैन । इनशा डटकममा लेखिएअनुसार कम्पनीको लामो 'प्रोसेस'का कारण पनि उनले एल्बम कुनै कम्पनीलाई नबेचेकी हुन् । यद्यपि एल्बम बजारमा आएपछि रक गायिका सुब्बाको छवि भने फरक हुनेछ ।

**विगत** एक दशकदेखि आफ्नो मातृभाषामा गीत गाइरहेका नेपाल भाषा (नेवारी)का गायक सुलिन्द्र शाक्यले अहिलेसम्म बीसभन्दा बढी नेपाल भाषाका गीतको संग्रहमा आफ्नो स्वर दिइसकेका छन् भने दुई वटा एकल संग्रह पनि बजारमा ल्याइसकेका छन् । इमेज च्यानलमा समाचारवाचकको पदमा कार्यरत शाक्यको पछिल्लो एकल एल्बम 'खनेमरु खनेमरु'ले चर्चा पाइरहेको छ । अब उनी नेपाली भाषामा पहिलो एकल एल्बम निकाल्ने सुरसारमा छन् । हाल रेकर्डिङ भैरहेको शाक्यको नेपाली भाषाको एल्बम ०६४ सालको अन्तिमसम्ममा बजारमा आउनेछ ।

**"ए स्टोरी"** शीर्षकमा एल्बम निकालेपछि गायिकाका रूपमा परिचय बनाएकी एञ्जिला गौचन हालै विवाह-बन्धनमा बाँधिएकी छिन् । संगीतकर्मको पृष्ठभूमि भएका तथा केही वर्षदेखि जापान बसोबास गरिरहेका प्रमोद शेरचनलाई उनले आफ्नो जीवनसाथी चुनेकी हुन् । विगतमा 'सुरताल' र 'लालीगुराँस' जस्ता संगीत समूहसँग आबद्ध शेरचनले विवाहपछि गायिका एञ्जिलालाई उनको गायन क्यारियरमा सक्रिय सहयोग गर्ने भएका छन् । शेरचनको संगीत तथा रचनामा गायिका एञ्जिलाले एकल एल्बम नयाँ वर्षअघि नै बजारमा ल्याउनेछिन् । जसमा शास्त्रीय, स्लोरक तथा केही डान्सिङ गीत रहने गौचनले बताएकी छिन् ।

**हाउस** म्युजिक तथा आरएनवी घन्काउन पोख्त डिजे शिशिर आज शुक्रबार ठमेलका दुई स्थानमा आयोजना हुने पार्टी घन्काउँदैछन् । राति नौ बजेदेखि टिएनटी लञ्ज एन्ड बारमा आयोजना हुने 'हाउस म्युजिक पार्टी'मा राति एक बजेसम्म डिजेइङ गरिसकेपछि उनी फायर क्लबमा बिहानसम्म डिजेइङ गर्दैछन् । हाउस म्युजिक पार्टीमा उनलाई अर्का डिजे डेनिकुलले साथ दिँदैछन् भने राति साढे नौ बजेदेखि आरम्भ हुने फायर क्लबको पार्टीमा डिजे जिम्मीले राति एक बजेसम्म हिपहप, आरएनबी तथा हाउस म्युजिक घन्काउनेछन् । एक बजेपछि त्यही जमघटलाई डिजे शिशिरले निरन्तरता दिनेछन् ।




पोखराको एक कन्सर्टमा फोटोग्राफर गणेश खड्काले खिचेका तस्बिरहरू हेरेर रमाउँदै गायिका प्रीति कौर ।

तस्बिर : शिव शर्मा

## नजिकबाट — रोज मोकान



| | | |
|---|---|---|
| जन्ममिति | : | साउन १९ गते |
| घरमा बोलाउने नाम | : | रोज |
| नामको अर्थ | : | अंग्रेजीमा गुलाबको फूल |
| परिचय | : | कलाकार |
| जन्मस्थान | : | रामेछाप जिल्ला, भीरकोट |
| रुचि | : | गीत गाउने |
| प्रकाशित एल्बम | : | डम्फुरे, कोम्हेन्दो, अंगुर दाना, सिम्बुला जात्तारं, नाम्दार |
| सांगीतिक गुरु | : | गोपाल योञ्जन |
| नजिकका साथी | : | थुप्रै छन् |
| मनपर्ने परिकार | : | नेपाली खाना |
| पकाउन जानेको परिकार | : | दाल-भात |
| मनपर्ने रंग | : | नीलो, कालो, रातो |
| मनपर्ने पहिरन | : | सर्ट र जिन्स पाइन्ट |
| मनपर्ने मौसम | : | हिउँद |
| मनपर्ने खेल | : | फुटबल र क्यारेम |
| फुर्सदमा | : | गीत सुन्ने, पत्रपत्रिका पढ्ने |
| मनपर्ने गीत | : | तिम्रो जस्तो मुटु मेरो पनि (नारायणगोपाल) |
| रिस उठेका बेला | : | चुप लागेर बस्ने वा सुत्ने |
| मनपर्ने आफ्नै बानी | : | मेहनती |
| पहिलो गीत | : | कलकत्ते काइँयो |
| पहिलो एल्बम | : | कोम्हेन्दो (तामाङमा), डम्फुरे (नेपालीमा) |
| पहिलो चर्चित गीत | : | कलकत्ते काइँयो |
| सबैभन्दा बढी माया | : | बुवाआमाको |
| पहिलो बाजा | : | बाँसुरी |
| पहिलो प्रेम | : | आफ्नै श्रीमतीसँग |
| पहिलो चुम्बन | : | ए... |
| पहिलो फोटोसेसन | : | अनिल स्थापित |
| राम्रो बानी | : | त्यति रिसाउँदिन |
| नराम्रो बानी | : | बढी सुत्छु |
| गोप्य कुरा | : | नृत्य पनि गर्छु |

## ब्यान्ड बक्स

# द एज ब्यान्ड



पपगीतका लागि मलिलो भूमि पोखरामा दर्शकहरूलाई नचाउन खप्पिस मानिन्छ द एज ब्यान्ड । सन् १९९९ मा स्थापना भएको यो ब्यान्डले पहिलो गीतिएल्बम ब्यान्डकै नामबाट 'द एज' बजारमा ल्यायो । पहिलो एल्बममै सफलता हासिल गरेको ब्यान्डको 'मेरो आँसु', 'पागल नभन', 'जीवन मेरो' जस्ता गीत चर्चित भए । खासगरी रक ब्यान्डका रूपमा ख्याति बटुलेको द एज ब्यान्डको गीतमा नझुम्ने संगीतपारखी विरलै हुन्छन् ।

गायक जीवन गुरुङको सक्रियतामा नौ वर्षअघि स्थापना भएको यो ब्यान्डले अहिलेसम्म आफ्नो सांगीतिक यात्रालाई निरन्तर रूपमा अघि बढाइरहेको छ । ब्यान्डमा भोकलिस्ट जीवन गुरुङका अतिरिक्त सोम गुरुङ (गिटारिस्ट), रक्की तुलाचन (बेस गिटारिस्ट), सञ्जीव श्रेष्ठ (गिटारिस्ट) तथा वसन्त शर्मा (ड्रमर) छन् । स्कुलजीवनदेखि नै गायनमा लागेका गायक जीवनले हरेक कन्सर्टमा आफ्नो दमदार स्वरले नचाउँदै आएका छन् । देशका विभिन्न भागमा गरी ५० भन्दा बढी कन्सर्ट गरिसकेको द एजको विदेशतिर पनि डिमान्ड बढ्न थालेको छ ।

भिन्न गायनशैली र संगीतका कारण यो ब्यान्डको चर्चा चुलिँदै गएको छ । नौ वर्ष स्थापना भएको अवधिमा ब्यान्डले अहिलेसम्म जम्मा दुईवटा एल्बम मात्र बजारमा ल्याएको छ । सन् २००६मा आएको भाइप्स ब्यान्डको दोस्रो एल्बम हो । संख्यात्मक भन्दा गुणस्तरीयतालाई ख्याल गर्दै आएको ब्यान्डले संख्या बढाएर मात्र लोकप्रियता बटुल्न नसक्ने गायक जीवन गुरुङले साप्ताहिकसँग भने- 'थोरै गाएर धेरै दर्शक तथा श्रोताको मन जित्नु हाम्रो उद्देश्य हो । दोस्रो एल्बममा समेटिएको 'थाहा छैन', 'कसैलाई', 'दुःख दिएर' जस्ता गीतले पनि अहिले हरेक कन्सर्टमा चर्चा पाइरहेको छ ।

द एज ब्यान्डलाई 'मेरो आँसु' सेन्टिमेन्टल रक गीतले नै सांगीतिक क्षेत्रमा स्थापित गराउने काम गर्‍यो । राम्रो गीत गाएर पनि राष्ट्रिय स्तरसम्म चर्चा नपाउनुमा मिडियाको दोष रहेको ब्यान्डका सदस्यहरू बताउँछन् । मोफसलको भनेपछि राजधानीका मिडियाहरूले खासै चासो दिएर गीत बजाउँदैनन्, गायक गुरुङको गुनासो छ । यद्यपि पोखरामै रहेर पोखरालाई नै चिनाउन लागिपर्ने समूहका सदस्यहरूले बताए ।

## ठट्यौली प्रकाशसँग



दस वर्षको बालकले एक दिन स्कुल जाँदा आँखामा ठूलो पावरवाला चस्मा लगाएको थियो ।

'अरे !' शिक्षकले माया गर्दै भने–'तिमीलाई यत्रो पावरवाला चश्मा चाहिने भयो ? हिजोसम्म त तिमीलाई चस्माको आवश्यकता थिएन..।'

'अहिले पनि छैन ।' बालकले भन्यो ।

'अनि कुरो के हो त ?'

'यो चस्मा बुबाको हो, बुबा बित्नुभो, यति राम्रो चस्मा त्यत्तिकै खेर जाने भएकाले आमाले लगा छोरा भनेकाले लगाएको ।'

०००

मानिस प्रयास नगरी केही बन्न सक्दैन,' शिक्षकले भने

'एकदम गलत, म अस्ति मामा बनें, त्यसमा मेरो केही प्रयास थियो त ?' विद्यार्थीले भन्यो ।

०००

मुर्खको हजुरबुबा जो एन्टिक सपमा गएर भन्छ ...

'कुनै नयाँ माल देखाउनुस् त ।'

०००

विवाहको गोल्डेन जुवली मनाउन एक दम्पती एउटा त्यस्तो होटलमा पसे जहाँ पचास वर्षपहिले उनीहरूले हनिमुन मनाएका थिए...राति डिनरपछि पति बेडरुमको पलङमा थियो अनि पत्नी बाथरुममा...

'डार्लिङ,' पतिले मायालु स्वरमा आवाज दियो ।

'दाँत सफा गऱ्यौ ?'

'गरें हजुर,' पत्नीले पनि मायालु आवाजमा उत्तर दिई- 'मेरो सफा गरिसकें तपाईंको दाँत सफा गर्दैछु ।'

०००

'यहाँ वर्षाको के हाल खबर छ ?' एउटा टुरिस्टले एउटा स्थानीय व्यक्तिसँग सोध्यो– 'गएको साता यहाँ वर्षा भयो ?'

'दुई पटक भयो,' जवाफ आयो

'मात्रै दुई पटक ?'

'हजुर दुई पटक, पहिलो पटक तीन दिन अनि दोस्रो पटक चार दिन ।'

०००

बाबु: 'आज स्कुलमा के सिकिस् ?'

छोरा 'आज हिसाबमा तपाईंले मलाई जे सिकाउनुभएको थियो त्यो सबै गलत थियो...त्यही सिकें ।'

०००

एउटा फुच्चे केटाले छिमेकीको ढोकामा घन्टी बजायो, गृहिणीले ढोका खोलिन्, उसले आफ्नो साथीका बारेमा प्रश्न गऱ्यो– 'आन्टी, राजु बाहिर आउन सक्छ ?'

'अहँ, आउन सक्दैन... बाहिर पानी पर्न आँटेको छ....।'

बालक एकछिन के गर्नु के नगर्नुको अवस्थामा रह्यो र फेरि उत्साहका साथ भन्यो– 'राजु बाहिर नआए पनि के उसको फुटबल बाहिर आउन सक्छ ?'

०००

दिदी : 'धेरै लड्डु नखा, अहिले फुट्लास् ?'

भाइ : 'लड्डुको डिब्बा यता ले अनि पर हट् ।'

०००

## कविता

### याद आइरहन्छ



बिर्सन्छु भन्यो झन् तिम्रै याद आइरहन्छ
हरेक पल तिम्रै झझल्को आइरहन्छ
जो कोही देख्दा तिमी नै हौ कि जस्तो लागिरहन्छ
एकान्तमा पनि तिम्रो तस्वीरसँग कुरा गर्न मन लागिरहन्छ
मलाई खै के भा'को भा'को पागल जस्तो यो
मन तिमीलाई नै खोजि रहन्छ ।
त्यसैले होला जीवनभरका लागि तिम्रो साथ मागिरहन्छ
बिर्सन खोज्यो झन् तिम्रो याद आइरहन्छ
बिर्सन्छु भन्यो मात्र, तिम्रै याद आइरहन्छ ।

–लक्ष्मी आलेमगर

### यस्तै भन्छन्

मान्छेलाई चाहिने कुरा दाम हो भन्छन्
मरेर गए पनि रहने त नाम हो भन्छन्
बल हुन्जेल सबैतिर चर्चाको विषय
मालिकलाई प्यारो त काम हो भन्छन्
लेखियो चिठी तिम्रो नाममा हजारौंहजार
हुलाकीले बोकी हिड्ने त खाम हो भन्छन्
के थाहा अरूलाई रेशमको मनको कुरा
जूनलाई पनि आजकाल त घाम हो भन्छन् ।

resham_sunuwar@yahoo.com

### संविधानसभा

आज गर्छु भोलि गर्छु भन्दाभन्दै टर्ने हो कि
संविधानसभा कठै, अकालमै मर्ने हो कि
संविधानसभा भनी सारा देश गुञ्जदैछ
जिम्मेवार कान भए आवाज सुन्नैपर्ने हो कि
सात सालमा बीउ छरियो नउम्रदै हरिएथ्यो
पञ्चायती भूतले फेरि पनि हर्ने हो कि
कन्टेनरमा बसेका छन् आराम गर्न हतियार
त्यस्तै गुट निस्किएर छताछुल्ल छर्ने हो कि
एउटा पाटो जलेको छ आमाको यो शरीरमा
कुनै दबाई नपाएर शरीरबाटै झर्ने हो कि
किन विवाद, नेताजी हो अझै शंका हटेन नि
सबै पक्ष छुने गरी सहमति गर्ने हो कि
संविधानसभा कठै, अकालमै मर्ने हो कि !

–हरिकृष्ण पन्त

### जाँदैछौ तिमी



दिएर पिर जाँदैछौ तिमी
रोपेर झिर जाँदैछौ तिमी
गोरेटो बाटो सडक पेटी
छाडेर भीर जाँदैछौ तिमी
खैंचेर धनु मर्ममा मेरो
हानेर तीर जाँदैछौ तिमी
लाजले कठै मुहार ढाकी
झुकाई शिर जाँदैछौ तिमी
बालेर आगो यो छातीभित्र
जलाई चीर जाँदैछौ तिमी ।

–जितेन्द्र श्रेष्ठ

### जिन्दगी

खुसी के हो ? दुःखीसँग सोध
जो दुःखको गहिराइमा डुबेको हुन्छ
भाग्य के हो ? अभागीसँग सोध
जो दुर्भाग्यमा फसेको हुन्छ
मित्रता के हो ? परदेशीसँग सोध
जो अर्को खगोलमा एक्लै रुमल्लिएको हुन्छ
सम्झना कति दर्दनाक हुन्छ ? बिर्सनेसँग सोध
जो क्षितिजपारि धकेलिएको हुन्छ ।
आँखाको आँसुमा महान् मान्नेहरू
आफूले आँसु देखाउने गर
अरूलाई माया गर्छु भन्नेहरू
कहिलेकाहीं त माया देखाउने गर ।

–पर्शुराम पन्थी

## लघुकथा

### सम्बन्ध



चैत महिनाको अन्तिम दिन थियो । टन्टलापुर घाम चर्किरहेको थियो । दिनको ठीक २:३० बजे म आफ्नो कार्यालयको काम सकेर घर फर्कने क्रममा थिएँ । म महाराजगन्जको बस बिसौनीमा बस कुरिरहेको थिएँ । केही समयपछि बस आयो, बसको ढोकामा झुन्डिएको सानो खलासी भाइ पसिना काढ्दै नयाँ बसपार्क-कलंकी भन्दै घाँटी सुक्नेगरी कराइरहेको थियो । हतार-हतार म बसमा चढें र अन्तिम सिटमा गएर बसें असजिलै भए पनि । केही समयको कुराइपछि एउटी खुट्टा भाँचिएकी अधबैंसे महिला बैसाखी टेकेर खलासी भाइको सहायताले बसमा चढिन् । मैले उठेर उनलाई बस्न आग्रह गरें । उनी सिटमा बसिन्, उनको आँखामा आँसु छचल्किएको भान हुन्थ्यो । केही समयपछि बस हिंड्यो, ती बिरामी महिलाको नजिकै ६०-६५ वर्ष जतिका पाको व्यक्ति बसेका थिए । ती व्यक्तिले बिरामीप्रति सहानुभूति देखाउँदै भने बिरामी मानिस एक्लै जँचाउन आउनुभएको ? छोटो उत्तर दिइन्- हजुर, त्यत्तिकैमा उनको बाक्य रोकियो । बिरामी मानिस साथी लिएर आउँदा सजिलो हुन्थ्यो, डाक्टरले बिरामीलाई धेरैथरी जँचाउन भन्छन् । प्रतिउत्तरमा महिला बोलिन्- श्रीमान नेता हुनुहुन्छ, उहाँलाई खाना खाने पनि फुर्सद हुँदैन, दुईवटा छोरा छन्, उनीहरू दस कक्षाको परीक्षा दिएर घुम्न गएका छन् । कसैलाई फुर्सद छैन, आफ्ना लागि आफैले गर्नुपर्छ अरूको आश गर्नु हुँदैन, सबैले बलेको आगो ताप्छन् त्यसैले एक्लै जचाउन अस्पताल आएको ।

–पार्वती पुडासैनी

# बढ्दैछ सम्बन्धविच्छेद

आफैले रोजेर पाँच वर्षअघि विवाह गर्दा पोखरा बैदाम निवासी सरिता पहारीले यति चाँडै अलगिनुपर्ला भन्ने सपनामा पनि चिताएकी थिइनन् तर त्यस्तै भयो । सँगै बस्ने धेरै प्रयास गरे पनि पूरा नभएपछि उनी अलगिनन् मात्र सम्बन्धविच्छेद गरेर आफ्नो बाटो पनि समातिन् । विवाह गरेपछि पनि उनको पढ्ने धोको थियो तर पढ्ने समय घरको काम र श्रीमान्को स्वार्थमा बाँधिनुपर्ने भएपछि यो बाटो रोजेको कुरा सरिता निर्धक्क बताउँछिन् ।

'कहिले मेरो चाहना पूरा गरिनस् भन्ने त कहिले पढेर मेरा आमा सोच्नै छाडिस् भन्थे । त्यस्तै निहुँमा श्रीमान्को गाली एवं कुटपिट बारम्बार खेप्नुपऱ्यो,' उनले भनिन्– 'पढ्न नपाउनु त छँदै थियो, त्यसमा पनि रात-दिनको मानसिक तनाव खप्न नसक्ने भएपछि सम्बन्धविच्छेद गरेकी हुँ ।'

उनकी एक छोरी छिन् । छोरीलाई माइतीमै राखेर पढाएकी छिन् । आफू काठमाडौंमा पढ्नुका साथै जागिर पनि खान्छिन् । 'अहिलेका मानिस आधुनिक तथा व्यावहारिक होलान् भन्ने सोचेर विवाह गरें, छोरी पनि भई तर विवाहपछि वास्तविकता त्यस्तो भएन,' सरिताले भनिन्– 'तनाव र घृणाको जिन्दगी बाँच्नुभन्दा त स्वतन्त्र भएर एक्लै बस्नु बेस लाग्यो ।'

उनको जस्तै पीडा बोकेकी छिन् पोखरा निवासी जानुका पौडेलले पनि । १८ वर्षको मेरमा विवाहबन्धनमा बाँधिएकी जानुकाले श्रीमान्को दुर्व्यवहारकै कारण दुई वर्षअघि पारपाचुके गरेकी हुन् । सामान्य असहमति तथा ठट्टामै उनले सम्बन्धविच्छेदको निर्णय भने लिएकी होइनन् । धेरै सहिन्, यातना कम होला भन्दा झन् बढ्दै गयो । 'विवाहपछि कहिल्यै शान्तिसँग बस्न सकिनँ,' उनले भनिन्– 'मादकपदार्थ खाएर सधैं मलाई कुट्ने एवं स्वार्थ पूरा गर्ने काम मात्रै गऱ्यो ।'

आफ्ना बितेका ती क्षण सम्झनामा नआए हुन्थ्यो भन्छिन् अहिले उनी । श्रीमान्को दुर्व्यवहारबाट घरमा बस्न नसकी उनी केही समय डेरा लिएर पनि बसिन् तर पनि शान्ति मिलेन । जोसँग बोल्यो ऊसँगै नाम जोडेर कुट्न थालेपछि उनले सम्बन्धविच्छेद गरेरै बस्ने विकल्प रोजिन् ।'

'एकैछिन् काममा गएर आउँदा पनि गाली र कुटाइ त कति खानुपर्थ्यो कति,' श्रीमान्ले कुटेका घाउका दागहरू देखाउँदै जानुकाले मनभरिका पीडा ओकलिन्– 'कुनै दिन नरोएको क्षण भएन, विवाहपछि हरेक दिन र रात रोएर बिताउनुपऱ्यो ।'

उनको पाँच वर्षको छोरा पनि छ । छोरालाई लिएर अहिले उनी माइतीमै बस्छिन् । श्रीमान्सँग बस्नुभन्दा अहिले सम्बन्धविच्छेद गरेर बस्दाको क्षण धेरै शान्तिपूर्ण छ । 'एक छाक भातका लागि पशुजस्तै भएर बस्नुभन्दा त एक्लै बस्न धेरै आनन्द छ,' बितेका घटनाले झरेका आँसु पुछ्दै जानुकाले भनिन्– 'अहिले ती दिन सम्झन नपरे हुन्थ्योजस्तो लाग्छ ।'

पृथ्वीनारायण क्याम्पसका प्राध्यापक रामचन्द्र बरालले स्नातकोत्तरतहको शोधपत्रका लागि कास्की जिल्लालाई आधार बनाएर अध्ययन पनि गरेका छन् । उनको अध्ययनले हिन्दूधर्मअनुसार रीत पुऱ्याएर गरेका विवाह पनि असफल भएको देखाएको छ । सम्बन्धविच्छेदका घटनालाई असफल विवाहको पंक्तिमा राखिएको छ । अधिवक्ता शोभा पराजुली अदालतबाट सम्बन्धविच्छेद हुने घटनामध्ये ९० प्रतिशतभन्दा बढी घरेलु हिंसाका कारण हुने गरेको दाबी गर्छिन् ।

'अझै पनि हाम्रो समाज पितृसत्तात्मक छ, त्यसैले महिलालाई दोस्रो दर्जाको रूपमा राखिएको छ, उनीहरूलाई स्वतन्त्र भएर काम गर्न दिइँदैन । त्यसको प्रतिकार गर्न खोज्दा पारपाचुके हुन्छ,' अदालतमा दिनहुँ यस्ता मुद्दा लडिरहेको अनुभव सुनाउँदै पराजुली भन्छिन्– 'सहनसम्म सहन्छन्, नसकेपछि मात्र महिला सम्बन्धविच्छेदका लागि घरबाहिर निस्कन्छन्, सबैको पीडा सुन्दा एकाधिकारवादको प्रतिकारकै लागि मात्र सम्बन्धविच्छेद भएको देखिन्छ ।'

माइतीमा बस्दै आएकी मीना गुरुङले आमाबुबाको इच्छा तथा रोजाइकै केटासँग विवाह गर्दा आज भोगिरहेको जिन्दगीको कल्पना पनि गरेकी थिइनन् । उनलाई लागेको थियो- आफूले रोजेको भन्दा परिवारको रोजाइमा विवाह गरे भविष्यसम्म सुख होला तर त्यस्तो भएन । सामाजिक सेवामा काम गर्दै आएकी र त्यसैमा रमाउन चाहने मीनाका लागि पैसा कमाउन तल्लीन ब्रिटिस लाहुरेको परिवार बाधक बन्न पुग्यो ।

घरको सम्पूर्ण काम सकेर सामाजिक सेवामा निस्कने मीनालाई घरपरिवारले मात्र होइन, विदेशमा रहेका श्रीमान्ले समेत शंका गरे । फोनबाटै हप्काउने, दप्काउने गर्न थाले । उनी जित नेपालमा स्वयंसेवीका रूपमा काम गर्थिन् । उक्त संस्थामा काम गर्दाको आनन्द मीनाका लागि घरपरिवारले दिने तनाव भुल्ने साधन बन्थ्यो तर के गर्नु ? एक दिन-दुई दिन भए पो तनाव भुलेर बस्नु । सधैं त्यस्तै हुन थालेपछि उनले सम्बन्धविच्छेद गर्नु नै उचित मानिन् ।

संस्थामा काम गर्दा परिवार र श्रीमान्ले तनाव दिएकै कारण उनले सम्बन्धविच्छेद गरेकी हुन् । 'मलाई बारम्बार तँ अरूसित बोल्छेस्, कमाएको पैसा कहाँ लैजान्छेस्, कोसित जान लागेकी छेस् र घरबाट बाहिर जान्छेस् जस्ता आरोप लगाउँथे,' समाजसेवामा आफ्नो छुट्टै पहिचान बनाउन सफल मीनाले भनिन्– 'एकपछि अर्को आरोप लगाउन थालेपछि सहेर बस्नुभन्दा पारपाचुके गरेर बस्नु नै ठीक लाग्यो ।'

पुरुषहरू कहाँ हिंड्छन्, कहाँ गएर के गर्छन् ? कसैले चासो लिंदैनन् तर महिला घरबाहिर निस्कनासाथ कुरा काट्न थाल्छन् । 'यस्तो सहेर किन बस्ने ? नगरेको काममा पनि आरोप लगाउँदा कतिबेला घर छोड्उँजस्तो हुने,' उतिबेलाको अनुभव सुनाउँदै मीनाले भनिन्– 'बरु गिंटी कुटेर छुट्टै बस्दाको जीवन ठीक जस्तो लाग्छ ।'

त्यस्ता व्यथा तथा घटना सबैको समान भए पनि एक्लो जीवनको अनुभव भने सबैमा उस्तै छैन । आत्मनिर्भर महिलाका लागि स्वतन्त्र जीवन आनन्द छ तर आत्मनिर्भर नभएका महिलालाई कष्ट एवं बढी चुनौती पनि छ । बरालको अनुसन्धान पुस्तकमा सम्बन्धविच्छेद भएकामध्ये ३७ प्रतिशत महिला मात्र आत्मनिर्भर रहेको उल्लेख छ । झन्डै ३३ प्रतिशत महिलाले कुण्ठित जीवन बिताइरहेका छन् भने २९ प्रतिशत महिला माइतीको शरणमा बसेका छन् । त्यस्तै सम्बन्धविच्छेदपछि ८० प्रतिशत बालबालिका आमासित छन् भने २० प्रतिशत मावलीमा बस्छन् ।

सडकमा आउने अधिकांश बालबालिका हिंसात्मक घरेलु व्यवहारबाट आजित भएर आएको अध्ययनमा उल्लेख छ । अदालतको तथ्याङ्कमा पनि सम्बन्धविच्छेद गर्नेको संख्या वर्षेनी बढिरहेको छ । कास्की जिल्ला अदालतमा २०५५ सालमा १ सय १४ वटा सम्बन्धविच्छेदका निवेदन परेका थिए । ६० सालमा यो संख्या १ सय ५० पुग्यो । २०६३ सालको माघ मसान्तसम्मको तथ्याङ्कलाई केलाउँदा पारपाचुके गर्नेहरूको सङ्ख्या १ सय ५४ पुगिसकेको छ ।

यस वर्ष सम्बन्धविच्छेद गर्ने वर्गमा बाहुन-क्षेत्रीको संख्या ४५ छ भने मंगोल समुदायको ६५ छ । ४४ सम्बन्धविच्छेद नेवार, दलित एवं जनजातिभित्र भएको छ । निरक्षरले भन्दा बढी साक्षर एवं शिक्षितले सम्बन्धविच्छेद गरेको तथ्याङ्कले देखाएको छ । 'सम्बन्धविच्छेद निरक्षरले भन्दा साक्षरले बढी गर्छन्' अदालती अनुभव सुनाउँदै अधिवक्ता सुरेन्द्र थापामगर भन्छन्– 'साक्षर भएर विवाह गर्नेहरूको संख्या बढी भएका कारण सम्बन्धविच्छेदका घटना पनि यो समुदायमा बढी देखिन्छ ।

सबै सम्बन्धविच्छेद वास्तविक भने छैनन् । मंगोल समुदायभित्र भएका केही सम्बन्धविच्छेद नक्कली छन् । घरायसी नभएर विदेश जाने बहानामा नक्कली सम्बन्धविच्छेद गर्ने चलन पनि छ । ब्राह्मण समुदायमा भने दाइजो, बालविवाह तथा गरिबीसँग जोडिएका घरेलु हिंसाका कारण बढी सम्बन्धविच्छेद हुने गरेका छन् । जिल्ला अदालत कास्कीका तहसिलदार मीनकुमार श्रेष्ठ भन्छन्– 'अदालतमा दैनिक तीनवटासम्म सम्बन्धविच्छेदका केस आउने गरेका छन्, यो संख्या ठूलो हो ।'

उनको अनुभवमा सम्बन्धविच्छेदका लागि आउने मुद्दामा तागाधारी समुदायमा खानलाउन नदिने, कुटपिट गर्ने, मानसिक दबाव दिने, आफ्नो रहरमा काम गर्न नदिनेजस्तो समस्या देखिएको छ भने मंगोल समुदायभित्र खानलाउन नदिने तथा कुटपिटका समस्या त्यति हुँदैनन् । अन्तरजातीय विवाह, छिटो विवाह, बहुविवाह, गरिबी, दाइजो सम्बन्धविच्छेद हुनुका मुख्य कारण देखिएका छन् ।

मुलुकमा आएको परिवर्तनसँगै घरेलु हिंसालाई कडाइका साथ रोक्न कानुन बने पनि व्यवहारमा नआएको पराजुली बताउँछिन् । 'हिंजो कानुनको अभावमा न्याय दिलाउन सकिएको थिएन तर अब कानुनसम्म बनेको छ,' पराजुलीले भनिन्– 'यसलाई व्यवहारमा ल्याउनु आवश्यक छ । जसले गर्दा सम्बन्धविच्छेदमा कमी आउँथ्यो कि ?'

–सञ्चारिका लेखमाला

## सन्देश

विद्या, जन्मदिनको लाखौंलाख शुभकामना । तिम्रो जीवन खुसीले भरियोस् । तिम्रा हरेक पाइलाले प्रगतिको शिखर चुम्न सकून् । हर इच्छा, आकांक्षा पूरा हुन्, शैक्षिक सफलता अनि दीर्घायुको कामना, ह्यापी बर्थडे ।

**गोविन्द**

रोजिना, तिमीले मलाई बिर्स्यौं कि क्या हो ? याद गर ती दिनहरू बज्रबाराही, सन्तोषी माता, अनि गोदावरीमा खाएका वाचा-कसमहरू । याद आयो ? म उही स्कुलमा पढ्दाको तिम्रो मुटुको धड्कन ।

**स्वीकार**

राजा, जन्मदिनको अवसरमा हृदयदेखि नै शुभकामना । तपाईंको हरेक पाइलामा सफलता मिलोस् । तपाईंका हरेक दुःख र संघर्षमा साथ दिन सकूँ । अन्त्यमा दीर्घायु र खुसीको कामना ।

**अस्मी**

ल्होछारको दिन एक बजेतिर कुमारी बैंकमा पैसा जम्मा गर्न ठीक मेरो अगाडि लाइनमा उभिने, मैजस्ती अग्ली, गोरी तथा खैरो लामो स्वेटर लगाउने, काउन्टरमा पैसा जम्मा गर्न खोज्दा मोबाइल भुइँमा खसी ब्याट्रीसमेत फुत्किएर त्यसलाई त्यहीं बनाई मलाई चिनेजस्तो गर्दै पैसा जम्मा गरेर हिँड्नुभयो, म पैसा झिक्दै थिएँ, खासै बोलचालभएन । तपाईंलाई मैले पछि पो सम्झिएँ, मसँग तपाईंको कुनै सम्पर्क माध्यम छैन । चिनजान



नगरेकोमा म ठूलो पश्चातापमा परेँ । x333ctz@yahoo.com मा सम्पर्क गर्नुभए आभारी हुने थिएँ ।

**कलिकास्थान**

आत्मीय साथीहरू, सहदेव, श्रीराम, सुवास, सन्तोष, टीका, ईश्वर, दिनेश, महानगर एनिमल्स हेल्थ एन्ड ड्रग केयर सेन्टर कलंकीका सम्पूर्ण साथीहरू तथा श्रीकाली देवी युवा क्लबका सदस्यहरूलाई उत्तरोत्तर प्रगतिको शुभकामना ।

**नमराज खड्का**

सबै दलका नेताज्यूहरू, दिन-प्रतिदिन मुलुकको अवस्था दयनीय हुँदै गएको छ । गान्धीजीका तीन बाँदरले नराम्रो कुरा नहेर्नु, नबोल्नु र नसुन्नु भन्ने सन्देश दिएका थिए । तपाईंहरू भने गान्धीजीका बाँदरहरूजत्तिको पनि हुन सक्नुभएन । मुलुक बिग्रिए जनताले तपाईंहरूलाई छाड्नेछैनन् । बेलैमा विचार पुऱ्याउनुहोला ।

**चिन्तित नेपाली, कतारबाट**

एस., तिम्रो विवाह हुने कुरा पक्का भएछ, तर म कुनै पनि हालतमा माघमा हुने तिम्रो विवाहमा आउन पाउँदिनँ । मिल्छ भने मलाई निम्ता नपठाउनु ।

**जे.**

**प्रेमदिवस (फागुन २ गते) का अवसरमा प्रकाशित हुने साप्ताहिकको विशेष अंकमार्फत आफ्ना श्रीमान्, श्रीमती, प्रेमी, प्रेमिका र अन्य शुभेच्छुहरूलाई बधाई तथा शुभकामना सन्देश पठाउन चाहनुहुने पाठकहरूले आफ्नो सन्देश माघ २० गतेसम्म साप्ताहिकको कार्यालयमा आइपुग्ने गरी पठाउन सक्नुहुनेछ ।**

**सम्पादक**

## कुपन सन्देश

पाउने :

पठाउने :

सन्देश :

**प्रति सन्देश रु. २०/– अनिवार्य**

## साप्ताहिक साथीका लागि फर्म

नाम : ..............................................................

उमेर : .............................. उचाइ : ..............................

पेसा : .............................. शिक्षा : ..............................

स्वभाव :.............................. वैवाहिक स्थिति :

अभिरुचि : ..............................वर्ण : ..............................

इमेल : ..............................................................

ठेगाना : ..............................................................

तपाईं कस्तो साथीको खोजीमा हुनुहुन्छ ?

..............................................................

..............................................................

**नोट : तस्विर र नगद रु. ५०।- अनिवार्य छ । आफूले उल्लेख गर्न चाहेको थप विवरण छुट्टै पानामा पठाउन सकिनेछ ।**

## जीवनको गोरेटोमा

### प्रतीक्षामा

एक साधारण युवकका रूपमा मैले आजभन्दा करिब चार वर्षअघि एउटा अपरिचित गृहमा प्रवेश गरे । गृहप्रवेशपश्चात् मैले एउटा नयाँ अनुभूति प्राप्त गरे, म स्वतन्त्र रूपमा बाँच्न पाउने भएँ । उक्त घर एवं आफन्तको सहयोगका कारण मैले आफ्नो स्थगित रहेको पढाइलाई निरन्तरता दिन थालेँ । आफ्नो सबैप्रतिको समान व्यवहारका कारण म छोटो समयमै सबैको प्यारो बन्न पुगेँ ।

होस्टेलमा बसेर मैले एसएलसी पनि पास गरें । एसएलसीपछिको एक दिन मेरो कानमा एउटा शब्द ठोक्किन आइपुग्यो । त्यो शब्द थियो– 'तिमी कसैको सपनाको राजकुमार हौ ।' धेरै बेरको सोचाइपश्चात् एउटा निष्कर्ष निकालेँ । किन उनीबाटै विस्तृत रूपमा जानकारी हासिल नगर्ने ? त्यही दिन समय निकालेर उनको सामु प्रश्न राखेँ– तिम्रो सपनाको राजकुमार को हो ? मेरो प्रश्नपछि उनको अनुहारमा लाजका रेखा देखा परे र केहीबेरपछि उनले एउटा प्रश्न गरिन्, कसले भन्यो तपाईंलाई ? केही क्षणपश्चात् एउटा सानो कागज मेरो हातमा थमाउँदै यसको जवाफ चाँडै दिनु है भन्दै उनी त्यहाँबाट लजाउँदै गइन् ।

एकान्तमा गै त्यो कागजको टुक्रामा लेखिएका अक्षरहरूमा नजर डुलाउन थालेँ । त्यसमा लेखिएको थियो– 'मलाई सबैले तपाईंको नाम लिई जिस्क्याउँछन्, अब तपाईं आफैं भन्नुस्, म के गरूँ ?' पढिसकेपछि म सोचमग्न भएँ । केही बेरको सोचाइपछि कापी-कलम लिई त्यसको जवाफ लेख्न बसेँ- 'मानिसले जन्मिदै एउटा कुरा सिकेर आएको हुन्छ । त्यो हो अरूको कुरा काट्नु । त्यसमा तिमीले केही चिन्ता लिनु पर्दैन, तर तिमी मलाई कुन रूपमा हेर्छौ ?' यी कुरा लेखी मैले उनको हातमा थमाइदिएँ ।

करिब साँझको पाँच बजे उनले त्यसको जवाफ मेरो हातमा थमाइन्- म तपाईंलाई कुन रूपमा हेर्छु । त्यो



मलाई नै थाहा छैन । बरु तपाईं मलाई कुन रूपमा हेर्नुहुन्छ ? मेरो सपनाको राजकुमार अरू कोही होइन, तपाईं नै हो ।

भनिन्छ, साँचो मायाको सामु भगवान् त झुक्नुपर्छ भने म त को नै हु र ! मेरो पनि त मनै हो । मलाई पनि कसैको साथ चाहिन्छ । यस्तै कुरा मनन गरी मैले उनको प्रेम प्रस्ताव स्वीकार गरेँ । यसरी नै सानो मायाको बीउले टुसाको रूप लियो र बिस्तारै-बिस्तारै बिरुवाको रूप धारण गऱ्यो । विभिन्न बाधा एवं अवरोधहरू आइपरे पनि कुनै कुराको ख्याल नराखी हाम्रो मायाको बिरुवामा हाँगाहरू पलाउँदै परस्पर अघि बढ्यो ।

हाम्रो साइनोलाई लिएर धेरैले नकारात्मक धारणा बनाए तर पनि हामीले त्यसको ख्याल गरेनौं, किनकि हाम्रो सम्बन्ध त चोखो थियो, पवित्र थियो हावा र पानीजस्तै । यो समाज नै यस्तो सबैलाई शङ्कालु दृष्टिकोणले हेर्ने । यस्तो वचनले हामी दुवैलाई एक-अर्काको अझ नजिक ल्याइदियो र एक-अर्कामा विश्वास जगाइदियो । यस्तैमा एक दिन उनले होस्टल छोडेर जानुपर्ने समय आयो । गृहमा धेरै जना भएकाले यो समस्या उत्पन्न भएको रहेछ । यो समय नै यस्तो भनौं कि जीवनको रीत नै भनौं, जहाँ दुःखपछि सुख र मिलनपछि बिछोड अवश्य आउँदो रहेछ । दुःख-सुख, मिलन-बिछोड सबै भोग्नुपर्ने रहेछ यो जिन्दगीको यात्रामा । मनमा अथाह मायाका सौगातहरू बोकी पछि मिल्ने र बिछोडका समयमा एक-अर्कालाई नभुल्ने हामीले एकले अर्कोलाई विश्वास दिलायौ ।

उनले होस्टल छाड्ने दिन, दिन-प्रतिदिन नजिकिँदै थियो । एक दिन त्यो दिन र समय पनि आयो । उनी यो होस्टल छोडेर गइन् । उनी गए पनि उनको माया र उनका आँखाबाट खसेका ती आँसु मसँग छ । करिब दुई वर्ष भयो उनीसगँ मेरो भेट नभएको । उनीसँग कहिलेकाहीं फोनमा सम्पर्क हुन्थ्यो । अहिले त त्यो पनि सम्भव छैन, किनकि अहिले उनी बसेको ठाउँमा फोन पनि छैन । काठमाडौं आउँदा कहिलेकाहीं सम्पर्क हुन्छ, तर हाम्रो माया त त्यति नै प्रगाढ छ, जति पहिले थियो । अब हाम्रो भेट चाँडै हुँदैछ किनकि म अब आफ्नो खुट्टामा आफैं उभिन सक्ने भएको छु । हामी दुवै जना त्यस दिनको प्रतीक्षामा छौं..... ।

**आर्यन**

## साप्ताहिक साथी



अम्बरबहादुर राउत २५ वर्षका छन् । आफूलाई पुग्ने शिक्षा लिएको बताउने राउत ५ फिट ८ इन्च अग्ला छन् । भद्र तथा नम्र स्वभावका राउत गीत-संगीत सुन्न मन पराउँछन् । गहुँगोरो वर्णका राउतलाई दुःखमा नआत्तिने तथा सुखमा नमात्तिने, मित्रतालाई गम्भीर रूपमा अघि बढाउने साथीको खोजी छ । उनलाई श्री ९ नम्बर बाहिनी अड्डा, भकुण्डेबेसीमा पत्राचार गर्न सकिन्छ ।



कम बोल्ने स्वभावका विजयकुमार केसी ५ फिट ७ इन्चका छन् । प्रवेशीका उत्तीर्ण गरेर नेपाल प्रहरीमा जागिर खाइरहेका केसी अहिले ३० वर्ष पुगे । विवाहित केसीमा धेरै साथी बनाउने रुचि छ । दुःखमा साथ दिने साथीको खोजीमा रहेका विजयकुमारलाई जिल्ला प्रहरी कार्यालय, सुर्खेतमा पत्राचार गर्न सकिन्छ ।

# बन्दीपुरमा नौलो महोत्सव




**सन्तोष पोखरेल**

तनहुँ- देशका विभिन्न सहरमा व्यापारिक महोत्सवले बजार तताएको भए पनि तनहुँको पर्यटकीय बन्दीपुर गत शुक्रबारदेखि साँच्चै सफा थियो । बजारको दुवैतर्फका घर अगाडि गाग्रीमा माला सजाएर बाटोमा राखिएको थियो । बन्दीपुर उकालो लागेपछि विभिन्न स्वागतद्वारले बजार झकिझकाउ थियो । केही दिनअघि मात्र चौथो बन्दीपुर महोत्सव सकिएको थियो, उक्त महोत्सवको रन्को पूरा हुन नपाउँदै भिन्दै खालको नेपालकै पहिलो 'सरसफाइ महोत्सव' आयोजना गरिएपछि बजारमा फेरि अर्को उत्साह थपिएको थियो ।

पुसको चिसोमा घामले न्यानो बनाएको बन्दीपुरमा विभिन्न सरकारी तथा निजी विद्यालयका विद्यार्थीहरूको ताँती थियो । विभिन्न आमा समूह, क्लबले एकै पोसाकमा कार्यकर्ता खटाएका थिए । बाटाको दुवैतर्फ विद्यार्थीहरू विद्यालय पोसाकमा सजिएर हातमा फूलका थुँगा लिएर बसेका थिए ।

बजारक्षेत्रलाई सिंगारेर नवदुलहीजस्तै पारिएको थियो । उत्तरतर्फ सेतो अग्लो हिमाल छर्लङ्ग देखिने, चहकिलो घाममा सबै रमाइरहेका थिए । महोत्सवमा विभिन्न विद्यालयबाट आएका विद्यार्थीको संख्या पनि ठूलै थियो । भीडका बाबजुद विभिन्न समूहले झाँकी ल्याइरहेका थिए । कोही पञ्चैबाजा त कोही आफ्नै संस्कृति धान्ने बाजा बजाउँदै झाँकी लिएर आएका थिए । दोहोरी गीतमा नाचगान गर्दै आउने आमा समूह पनि कम थिएनन् ।

'हाम्रो घरमा चर्पी छ, यसमा हामीलाई गर्व छ' भन्ने मूल नाराका साथ पर्यटकीय नगर बन्दीपुरमा गत शुक्रबारदेखि तीनदिने बन्दीपुर सरसफाइ महोत्सव चलेको थियो । गत भदौदेखि सुरु भएको 'एक घर एक चर्पी बन्दीपुरबासीको उर्दी' लाई कार्यान्यवन गर्न महोत्सव आयोजना गरिएको थियो । महोत्सव अवसर पारेर सिंगो बन्दीपुर गाविसलाई नै खुला दिशामुक्त क्षेत्रसमेत घोषणा गरिएको थियो ।

तीनदिने महोत्सवको उद्घाटन गर्न पुगेकी संयुक्त राष्ट्रसंघीय बालकोषका नेपाल प्रतिनिधि जिलियन मेलसोपलाई स्थानीयवासीले भव्य स्वागत गरे । पञ्चैबाजाका साथ ठूलो भीडले स्वागत गरेपछि मेलसोपले खुसी व्यक्त गरिन् । 'सरसफाइ एक व्यक्तिले गरेर मात्र हुने होइन, यसमा परिवार, समाजलगायत सबैको सहभागिता हुनुपर्छ,' उनले भनिन् ।

'सरसफाइ व्यक्तिको स्वास्थ्यका लागि मात्र नभै मानव सभ्यताका लागि पनि आवश्यक छ,' उनले भनिन्- 'सबै जना स्वस्थ भए मात्र गर्व गर्ने ठाउँ हुन्छ ।' महोत्सवमा शौचालय र त्यससँग सम्बन्धित करिब १ दर्जन स्टल राखिएका थिए । स्टलमा शौचालयका नमुनाहरू हेर्नेको भीड लागेको थियो । उद्घाटनको औपचारिक कार्यक्रममा समेत विभिन्न बालक्लबले सरसफाइसँग सम्बन्धित गीत गाएर रमाइलो गरेका थिए । सरसफाइ गर्दाका फाइदा र बेफाइदाका बारेमा बालबालिकाले नाटक, डोको नाच, घाटु नाचसमेत देखाइएको थियो ।

प्रत्येक घरमा शौचालय नभएर जथाभावी फोहर भै बाटो दुर्गन्धित बनेपछि यहाँका विद्यार्थीले आयोजकको सहयोगमा अभिभावकलाई शौचालय बनाउन करिब एक महिना अघिदेखि खबरदारी गर्न थालेका थिए । महोत्सवको आयोजना गर्ने अघिल्लो दिनसम्म घरघरमा शौचालय बनाउन गाउँले व्यस्त थिए । जथाभावी दिसापिसाब गरेर बाटो हिंड्नै मुस्किल भएपछि विद्यार्थीहरूले खबरदारी गरेका हुन् । कसैले जथाभावी दिसापिसाब गरेको देखे उनीहरूले सिट्ठी बजाएर सार्वजनिकसमेत गरिदिन्थे ।

बन्दीपुरका २ हजार ३ सय २७ घरमध्ये ९ सय घरमा शौचालय बनाउन थालिएको थियो । अन्यमा पहिले नै बनिसकेका थिए । गत भदौदेखि शौचालय अभियान थालिएको थियो ।शौचालय अभियानमा परेका ९ सय घरमध्ये करिब ९० प्रतिशत घरमा बनिसकेको विद्यालय सरसफाइ कार्यक्रमका सल्लाहकार बोधनारायण श्रेष्ठले बताए । बन्दीपुर गाविसका २३ वटा विद्यालयमार्फत गाउँमा शौचालय बनाउन थालिएको उनले बताए ।

## तल दिइएको चित्रमा कतिवटा फरक छन् ? पत्ता लगाऊ



फरकहरू : कपाल, घर, रुख, बादल, पांग्रा, पाइन्ट, ज्याकेट, औंला, कुर्ता र चप्पल ।

## माहुरी मार्ने भाइरस

अमेरिकी वैज्ञानिकहरूले माहुरीलाई मार्ने भाइरस पत्ता लगाएका छन् । उक्त भाइरसले पृथ्वीबाट माहुरीको अस्तित्व नै मेटाउने खतरा रहेको वैज्ञानिकहरूले औंल्याएका छन् । इजराइल एकीउट प्यारालाइसिस भाइरल वा आइएपीभी नामक उक्त भाइरस इजराइलमा पत्ता लागेको थियो । मह जम्मा गर्ने माहुरीहरू युरोपका लागि महत्वपूर्ण मानिन्छन् । उनीहरूले पाँच खालका ब्याक्टेरिया र सातथरिका भाइरस पत्ता लगाएका छन् ।

## जन्मदिनको शुभकामना



सोनल कर्ण २०५८ माघ ९ | आविष्कार कार्की २०५७ माघ ४ | विजन लामा २०६० माघ ५ | सोनिया रानामगर २०६० माघ ५



दीक्षिता सुवेदी २०६२ माघ ५ | प्रथम भुजेल २०५८ माघ ५ | निशान श्रेष्ठ २०६० माघ ५ | इसुनी शेरचन २०६२ माघ ६



कृपा थुलुङ २०६३ माघ ६ | पुजन पोखरेल २०५६ माघ ७ | दिप्सन श्रेष्ठ २०६१ माघ ८ | इशान प्रधान २०५८ माघ ८



संसार तामाङ २०५८ माघ ८ | स्वस्तिका नेपाली २०५६ माघ १० | विकास सुवेदी २०५६ माघ १० | निर्भय डंगोल २०५९ माघ ४



विशेषता खनाल २०५८ माघ ८ | उमंग सिटौला २०६० माघ ६ | आभाष पहाडी २०६२ माघ ४



## प्लास्टिकको घर



सर्वियाका एकजना सेवानिवृत्त भौतिक विज्ञानका प्राध्यापकले ईंटाको सट्टा प्लास्टिकको बोतलको घर बनाएका छन् । उनले आफूले विद्यार्थीहरूलाई कक्षामा वैकल्पिक निर्माण सामग्री प्रयोग गर्न दिएको लेक्चरलाई मूर्तरुप दिन प्लास्टिकको घर निर्माण गरेको बताएका छन् । राजधानी बेलग्रेडभन्दा १ सय ३० किमि दक्षिणमा उनले १४ हजार प्लास्टिकका बोतल प्रयोग गरी घर बनाएका हुन् ।

उनले आफ्ना विद्यार्थीसँग मिलेर ग्रामीण क्षेत्रबाट नै प्लास्टिकका बोतल संकलन गरेका थिए । उनले प्लास्टिकका बोतलले निर्माण गरेको घर अतुलनीय रहेको र आफ्ना लागि आरामदायक भएको प्रतिक्रिया दिएका छन् । घर निर्माणको लागत अति कम हुनुका साथै भूकम्पीय दृष्टिले समेत सुरक्षित रहेको उनको दाबी छ ।

### संघर्ष र सफलता

## चिप गिलर



बोतलमा राखिएको मिनरल वाटर पिउनु राम्रो होइन । मुहानबाट निस्किएको सफा पानी नै राम्रो हुन्छ । त्यसैगरी जाडोमा हिटर ताप्नु पनि राम्रो होइन । सूर्यबाट निस्किएको न्यानो घाम अथवा दाउराबाट निस्किएको आगो ताप्नु नै फाइदाजनक हुन्छ । स्वास्थ्यका लागि यस्तै फाइदाजनक कुराका बारेमा जानकारी दिने अभियानमा संलग्न छन् चिप गिलर ।

३६ वर्षीय पत्रकार चिप गिलर अमेरिकाको सियाटल निवासी हुन् । उनले आफ्नो नेतृत्वमा यस्तै जानकारी दिने एउटा संस्था स्थापना गरेका छन् । अन्य सर्वसाधारणसँग पनि यस विषयमा अन्तरक्रिया एवं छलफल गरिन्छ । यस क्रममा उत्तरी ध्रुवमा रहेका पोलार बियरदेखि घरमा पालिने माहुरीसम्मलाई कसरी संरक्षण गर्ने भन्ने विषयमा समेत छलफल हुन्छ । उनीहरूले डब्ल्युडब्ल्युडब्ल्यु डट जीआरआईएसटी डट ओआरजी ठेगाना भएको वेबसाइट पनि निर्माण गरेका छन् । यो वेबसाइटमा उनीहरूले गरेका छलफलका साथै विभिन्न जानकारी समावेस गरिएको छ । यो वेबसाइट एक प्रकारको न्यूज बुलेटिन हो । प्रत्येक दिन ७ लाख ५० हजार मानिसले यो वेबसाइट खोल्छन् । उनीहरू अहिले पनि कस्तो खाना खाने, सडकमा कसरी ड्राइभिङ गर्नेदेखि कुनै पदका लागि कस्ता मानिसलाई भोट दिने भन्नेसम्मका विषयमा छलफल गरिरहेको पाउन सकिन्छ । केही दिनअघि इन्डोनेसियाको बालीमा सम्पन्न मौसम परिवर्तनसम्बन्धी सम्मेलनमा मा पनि वातावरणका विभिन्न पक्षमा छलफल भयो । यो सम्मेलनमा पनि चिप गिलर तथा उनको संस्थाको सक्रिय सहभागिता थियो ।

## कुपन

### जन्मदिनको शुभकामना

नाम :........................................

जन्म मिति :........................................

स्कुल :........................................

ठेगाना : ........................................

तस्बिर अनिवार्य

तस्बिर र विवरण दुई साताअगाडि आइपुग्नुपर्नेछ ।

## साप्ताहिक शब्दजाल प्रतियोगिता - ६



प्रतियोगीको नाम :

ठेगाना :

**ठाडो**

१ विद्यार्थीको हातमा (४,२)
२ केवल एक प्रश्नमा (३,४)
३ चौथो उत्कृष्ट लोकगायिका (२,३)
४ छैठौं उत्कृष्ट गायक (३,३)
५ दोस्रो उत्कृष्ट गायिका (२,३)
६ सातौं उत्कृष्ट गीतकार (३,४)
७ पोखराको रमाइलो साँझमा (३,२)
८ दसौं उत्कृष्ट गायक (३,२)
९ गुरुङ थरकी पपगायिका (३)

**तेर्सो**

१ इलामका एक सम्वाददाता (३,२)
२ साताको स्वर (२,२)
३ सगरमाथा तेक्वान्दो एकेडेमी रहेको शहर (३)
४ चौथो उत्कृष्ट गायिका (२,३)
५ एक राशि (२)
६ नवौं उत्कृष्ट व्याण्ड (२)
९ मध्यपृष्ठमा (३,२)
१० पाठकसँग ठट्यौली गर्ने (३)
११ दोस्रो उत्कृष्ट गीतकार (३,४)

**नियमहरू :**

१. यो प्रतियोगिता सबैका लागि खुला छ ।
२. यो शब्दजाल साप्ताहिकको पछिल्लो अंकमा आधारित छ ।
३. प्रतियोगीले आफ्नो नाम र ठेगाना स्पष्ट उल्लेख गरी पठाउनुपर्नेछ ।
४. पुरस्कृत हुनेलाई रु. २ सय रुपैयाँ पुरस्कार दिइनेछ ।
५. कुनै पनि विवादमा सम्पादकको निर्णय अन्तिम मानिनेछ ।

### तल दिइएको चित्रमा कति सामानहरू लुकेका छन् ?



लुकेका सामानहरू : करुवा, गाग्रो, गिलास, चक्कु, चम्चा, काँटा ।

### तल दिइएको चित्रमा एउटा मुसा खाने कुरासम्म पुग्न चाहन्छ के हामी उसलाई बाटो देखाउन सक्छौं ?



# रोजाइमा चकलेटी अनुहार



पृष्ठ १ बाट जारी

मभन्दा अग्लो भए हुन्थ्यो जस्तो लाग्छ,' निशा भन्छिन्- 'तर शारीरिक रूपमा एकदमै आकर्षक हुनुपर्छ भन्नेचाहिँ छैन ।' जीउ बनाएर, टाइट टिसर्ट लगाएर हिंड्ने युवकलाई उनी मन पराउँदिनन् । निशाका अनुसार मांसपेशी फुलाएर पाखुरा प्रदर्शन गर्दै हिंड्ने, पेट निस्किएको वा ज्यादै दुब्लो पुरुष पनि होइन, उनी सुहाउँदो शारीरिक बनावटलाई महत्त्व दिन्छिन् । एथलेटिक लुक भएका युवकप्रति आकर्षित हुने कुरा बताउँदै निशाले हाँस्दै भनिन्- चकलेटी अनुहारको जीवनसाथीको रोजाइले पछि सन्तान पनि राम्रो जन्मिन्छ नि होइन ?

युवतीहरूको आँखाले कस्ता युवकलाई मन पराउँछ भन्ने कुरा उमेरले निर्धारण गर्छ, नायिका ऋचा घिमिरे भन्छिन्- मेरो व्यक्तिगत अनुभवमा पनि टिन एजमा 'टल, डार्क अनि हेन्डसम' युवाहरूले मलाई आकर्षित गर्थे, तर अहिले रूपले त्यति महत्त्व राख्दैन । उमेरले २५ वर्ष पार गरिसकेपछि यतिखेर ऋचालाई शारीरिक सौन्दर्य क्षणिक मात्र रहेछ जस्तो लाग्न थालेको छ । ऋचाले मनको राम्रो, माया गर्ने र शिक्षित युवक आफ्नो जीवनमा आओस् भन्ने कामना गरेकी छिन् । 'विवाह गरेपछि चल्तीका नायिकाहरूले पनि श्रीमान्को दबाबमा चलचित्रमा अभिनय गर्न पाएका छैनन्,' ऋचाले भनिन्- 'तर म यो कुरा मान्न तयार छैन । मेरो पेसालाई सम्मान गर्ने पुरुषलाई मात्र म जीवनसाथी बनाउनेछु ।'

अहिलेको समयमा श्रीमान्-श्रीमती दुवै आत्मनिर्भर हुनु आवश्यक भएको तर्क गर्ने ऋचा श्रीमान्ले श्रीमतीलाई पाल्नुपर्छ र श्रीमतीले पनि श्रीमान्को कमाइ खान्छु भन्ने मानसिकताबाट हट्नुपर्ने धारणा राख्छिन् । ऋचा भन्छिन्- 'मैले खोजेको जीवनसाथी शारीरिक व्यायाम गरेर 'ट्राइसेप-बाइसेप' निकालेको हुनुपर्छ भन्ने छैन । त्यस्तो शारीरिक बनावटले मलाई कत्ति पनि 'इम्प्रेस्ड' गर्दैन । म साधारण आवश्यकता पूर्ति गरेर जीवन हाँक्न



सक्ने, काम गरेर पैसा कमाउने पुरुषलाई महत्त्व दिन्छु ।'

मलाई स्वस्थ र शारीरिक रूपमा पनि बलिष्ठ पुरुष मनपर्छन् भन्ने हट गायिका रीजा उप्रेतीका अनुसार उनलाई पातलो ज्यान भएका पुरुष पटक्कै मनपर्दैनन् । कुराकानीकै क्रममा रिजाले भनिन्- तर मैले रोज्ने जीवनसाथीको अनुहार राम्रै हुनुपर्छ भन्नेचाहिँ छैन । रीजा अग्लो र आफ्नो भावना बुझ्ने पुरुष साथीलाई जीवनसाथी बनाउन चाहन्छिन् । रीजा पनि सरल स्वभाव र जोडी सुहाउँदो पुरुषसँग जीवन बिताउने इच्छा राख्छिन् ।

मोडल शशि खड्का आफ्नो जीवनसाथीबाट धेरै मायाको अपेक्षा राख्छिन् । 'म ऊसँग कति सम्पत्ति छ



वा ऊ कति राम्रो छ भनेर हेर्दिनँ,' शशिले भनिन्- 'जीवनका हरेक मोडमा समझदार पुरुषका रूपमा उसले साथ दिए पुग्छ ।' परिवारको रोजाइ पनि नराम्रो नहुने भएकाले विवाहका लागि परिवारले खोजिदिएको युवक पनि स्वीकार्य हुन सक्ने उनी बताउँछिन् ।

राम्रो व्यक्तित्व सबैको रोजाइ हुन्छ भन्ने मान्यता राख्ने नायिका रेजिना उप्रेती मानसिक रूपमा परिपक्व युवा आफूलाई मनपर्ने बताउँछिन् । फिटनेसमा विशेष ध्यान दिने रेजिना कडा शारीरिक व्यायाम गरेर बलिष्ठ ज्यान बनाएका युवाबाट खासै प्रभावित हुन्नन् । रेजिनाले भनिन्- 'म शारीरिक आकर्षणमा ध्यान दिन्नँ । जीवनसाथी यस्तो होस्, जसले मलाई माया गरोस् । सुखी जीवनका लागि सबैभन्दा मुख्य कुरा नै माया भएकाले भावनात्मक साथीलाई रोज्छु ।' रेजिना मन, व्यवहार र दृष्टिकोण सकारात्मक भएको पुरुषलाई मन पराउँछिन् । आफ्ना एकसे एक हेन्डसम साथी भएको बताउने रेजिना भन्छिन्- 'शारीरिक बनावटलाई जहिल्यै पनि बनाउन सकिन्छ तर मन-मष्तिष्क र सोचाइ बनाएर बन्दैन, त्यसैले मेरो रोजाइको राजकुमार मलाई माया गर्ने र बुझ्ने हुनुपर्छ ।'

गायिका प्राश्ना शाक्य शारीरिक रूपमा सुहाउँदो युवकलाई जीवनसाथी बनाउने बताउँछिन् । 'म कालो-गोरो, यस्तो-उस्तो भनेर मार्क गर्दिनँ,' प्राश्नाले भनिन्- शारीरिक रूपमा आकर्षक हुनैपर्छ भन्ने छैन । उमेरले पनि परिपक्वता आइसकेकाले प्राश्नाको अनुभवमा सफल जीवनका लागि पुरुषको शारीरिक सुन्दरताले भन्दा उसको व्यवहारले महत्त्वपूर्ण भूमिका खेल्छ । स्वावलम्बी र सहयोगी स्वभावको युवकलाई उनी जीवनसाथीका रूपमा हेर्न चाहन्छिन् । प्राश्नाका अनुसार निर्दोष अनुहार एवं



सरल स्वभावका चकलेटी पुरुष उनको रोजाइमा पर्छन् ।

नायिका नन्दिता केसी अहिलेको समयमा व्यक्तित्व झल्कने युवकलाई महिलाहरूले रोज्ने गरेको बताउँछिन् । 'मलाई भयंकर शरीर बनाउनेहरूले कहिल्यै आकर्षित गरेनन्,' नायिका नन्दिताले भनिन्- फिजिकल्ली फिट हुनु राम्रो हो, तर बाहिरी रूपभन्दा भित्री रूप राम्रो भएका पुरुषले मलाई आकर्षित गरेका छन् ।

नन्दिताका अनुसार उनको जीवनसाथी पनि महिलालाई सम्मान गर्ने, बौद्धिक र भित्री मन सफा भएको व्यक्तित्व हुने आशा राख्छिन् । अहिलेको समयमा सम्पत्ति आवश्यक कुरा भए पनि माया सबैभन्दा ठूलो कुरा भएको उनी बताउँछिन् । नन्दिता भन्छिन्- धनी भएर पनि माया र संस्कार जानेको छैन भने मलाई त्यस्तो जीवनसाथी चाहिँदैन, त्यसको सट्टा ऊ गरिब होस् तर ती सबै गुण उसमा छ भने म अवश्य दोस्रो रोजाइमा जान्छु ।

गायिका प्रीति कौरको रोजाइ भने अलि फरक छ, उनी सुन्दर र



बलिष्ठ पुरुषमध्ये बलिष्ठ पुरुषलाई नै रोज्छिन् । उनले रोजेको साथी पनि बलिष्ठ भएकैले हुनसक्छ, प्रीति चौडा छाती भएको पुरुष साथी मनपर्ने बताउँछिन् । एक वेबसाइटसँगको अन्तर्वार्तामा प्रीतिले भनेकी छिन्-'मलाई छातीमा रौं उम्रिएका पुरुष मन पर्छन् ।'

**ट्रेन्ड परिवर्तन**

वास्तवमा महिलाले कस्तो पुरुषलाई मन पराउने वा मन नपराउने भन्ने कुराको निर्धारणमा आवश्यकताको अर्थशास्त्रले पनि भूमिका खेलेको हुन्छ । कुनै समय थियो, महिलाहरू चुलोचौका तथा बालबच्चा स्याहार-सुसारमै सीमित थिए । बालबच्चा तथा श्रीमतीको आर्थिक आवश्यकता पूरा गर्ने तथा शारीरिक सुरक्षा दिने जिम्मेवारी घरमूली पुरुषमा निर्भर हुन्थ्यो । यस्तो स्थितिमा सुरक्षित जीवनको परिकल्पना गरेर महिलाहरू सपनाको राजकुमारका रूपमा आकर्षक शरीर र सम्पन्न जीवनसाथीको खोजीमा हुन्थे । भावनात्मक तथा बौद्धिक साथीको आवश्यकता त्यसबेलाका महिलाहरूका निम्ति गौण विषय बन्ने गरेको थियो, तर अहिले त्यो सोचाइमा परिवर्तन आइसकेको छ । आर्थिक रूपमा स्वावलम्बी हुन थालेका अहिलेका महिलाहरू बौद्धिक तथा भावनात्मक साथीको खोजीमा हुन्छन् । स्वावलम्बी भएका कारण आर्थिक रूपमा पनि सबल हुने भएकाले उनीहरू सहयोगी तथा समझदार पुरुषलाई जीवनसाथी बनाउन चाहन्छन् । अध्ययन प्रतिवेदन भन्छ- 'महिलाहरूलाई सही जीवनसाथीको आवश्यकता छ, जसले जिन्दगीको हरेक उतार-चढावमा साथ दिन सकोस् ।'

अहिलेका महिलाहरूले एउटा पुरुषमा राम्रो पितामा हुनुपर्ने गुण खोजेका हुन्छन् । शिशुको पालनपोषणको जिम्मेवारी केवल महिलाहरूको मात्र होइन भन्ने सोचाइ बढ्दै गएकाले पनि उनीहरू शिशुको सर्वाङ्गीण विकासका लागि कुशल पिता हुनसक्ने पुरुष साथी रोज्छन् । अझ कामकाजी महिलाका निम्ति त घरदेखि कार्यालयसम्मको जिम्मेवारी हुने भएकाले उनीहरू आफ्नो जीवनसाथी हरेक कदममा साथीका रूपमा जिम्मेवारी निर्वाह गर्ने व्यक्ति होस् भन्ने चाहना राख्छन् । गायिका मौसमी गुरुङ अहिलेको व्यावसायिक संसारलाई बुझेको तथा पेसागत रूपमा आफूलाई स्थापित गर्ने महत्त्वाकांक्षा बोकेको युवकलाई रोज्ने बताउँछिन् ।

लहडैलहडमा सम्बन्ध जोडेर पछि पछुताउनेहरू पनि प्रशस्तै छन् । खासगरी शारीरिक सुन्दरतालाई मात्र महत्त्व दिँदा त्यही कारणले श्रीमान्-श्रीमतीबीच असमझदारी बढ्दै गएर पछि सम्बन्धविच्छेदको घटनासम्म घट्न सक्छन् । त्यसैले व्यावहारिक पुरुष साथीको आवश्यकता यो समयमा पनि खट्किन्छ । अहिलेका महिलाहरूलाई युवाहरूको हँसी-मजाक गर्ने शैलीले पनि त्यत्तिकै आकर्षित गर्छ । त्यसैले पनि कम्तीमा महिलाहरूका अगाडि पुरुषले निराश अनुहार नदेखाउने कि ?

अहिलेका युवतीहरू आफ्नो श्रीमान्मा मित्रभावको अपेक्षा बढी राख्छन् । परम्परागत श्रीमान्को सट्टा उसलाई साथीका रूपमा हेर्न चाहन्छन् र उसले भावनात्मक, शारीरिक, बौद्धिक आदि हरेक क्षेत्रमा उनलाई पूर्ण रूपमा साथ दिन सक्नुपर्छ । अहिलेको समयमा उनीहरू श्रीमान् कुनै देवताको सट्टा जीवनको हरेक पाइलामा साथ दिने सहयात्री बनोस् भन्ने कामना गर्छन् ।

# नायिकाहरूको बूढामोह



नेपाली नायिकाहरूले जीवनसाथी रोज्दा आफूभन्दा दोब्बर उमेरका पुरुषलाई रोजेका दृष्टान्त छन् । 'हो, मैले पनि २० वर्षभन्दा बढी उमेरको व्यक्तिलाई जीवनसाथी बनाएँ,' चुलबुले नायिका रेखा थापाले भनिन्- 'चलचित्र क्षेत्रमै सक्रिय परिपक्व व्यक्तिलाई रोज्दा आफू सुरक्षित हुने भएकाले र उहाँले मलाई धेरै माया गर्नुहुन्छ भन्ने थाहा पाएपछि उमेरलाई महत्त्व दिइनँ ।' यसरी बढी उमेरका व्यक्तिसँग विवाह गर्ने नायिका रेखा मात्र होइनन् । करिश्मा मानन्धर, जल शाह, सारंगा श्रेष्ठ, झरना बज्राचार्य आदि पनि यही लहरमा छन् ।

नायिका करिश्मा मानन्धर तथा जल शाहले ५० नाघिसकेकाहरूलाई रोजेका थिए । अझ सारंगा र झरनाले त ४० नाघेका विदेशीलाई आफ्नो जीवनसाथी बनाए । नायिका थापाका अनुसार परिपक्व व्यक्तिलाई जीवनसाथी बनाउँदा समझदारी कायम रहन्छ । नायिकाले आफ्नै उमेरको व्यक्ति रोज्दा इगो समस्या बढेर वैवाहिक जीवन असफल हुने सम्भावना रहन्छ, तर उमेरले परिपक्व भैसकेकाहरू इगो लिनुको सट्टा सम्झाउने प्रयास गर्छन् । नायिकाहरूको यो मोह किन त ? रेखा भन्छिन्- यो एक प्रकारको संयोग पनि हो र यो नायिकाहरूको मात्र समस्या होइन, आफ्नो श्रीमान्लाई अभिभावकका रूपमा हेर्न चाहने जो-कोही महिलाले परिपक्व पुरुष रोज्ने गरेको मैले देखेकी छु ।'

# महिलाले कस्तो जीवनसाथी रोज्ने



सफल जीवनको सहयात्री बन्ने योजना बनाएका युवतीहरूका लागि आवश्यक टिप्स :

- पुरुषहरूको आवरण व्यक्तित्व अर्थात् शारीरिक सुन्दरतालाई आधार नबनाउनुहोस् । सुन्दरतालाई आधार बनाउँदा आफ्नो दृष्टिकोण जुनसुकै समयमा परिवर्तन हुनसक्ने सम्भावना धेरै हुन्छ ।
- सम्बन्धको सुरुवात राम्रो साथीबाट प्रारम्भ गर्नुहोस् । सम्बन्ध जोड्नेबित्तिकै विवाहको कल्पना गर्नु ठीक होइन । राम्रो साथी बनाएपछि ऊसँगको संगतले आगामी जीवनका बारेमा जानकारी हासिल हुन्छ ।
- प्रेमी-प्रेमिकाबीच सबै कुरामा एकमत हुनु आवश्यक छैन तर कतिपय गम्भीर विषयमा दुवैको राय एक हुन सक्नुपर्छ ।
- व्यावहारिक कुरामा दुई व्यक्तिका फरक-फरक दृष्टिकोण हुन सक्छन्, यदि आफ्नो सम्बन्धलाई स्थायी बनाउने सोचमा हुनुहुन्छ भने व्यावहारिक कुरामा दुवै जनाले छलफल गरेर एउटै धारणा बनाउनुपर्छ ।
- साथीले आफ्नो व्यक्तित्व अथवा स्वतन्त्रतालाई कति महत्त्व दिन्छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ, अहिलेको पुस्ताका युवतीहरूले विवाहअघि यो विषयमा राम्रोसँग बुझ्नु आवश्यक छ, जसले गर्दा विवाह गरिसकेपछि भविष्यमा गाह्रो महसुस गर्नु नपरोस् ।
- साथीको छनौट कल्पनालोकमा रहेर गर्नुको सट्टा व्यावहारिक धरातलमा रहेर गर्नु राम्रो हुन्छ । कल्पनामा बढी रमाउँदा वास्तविक धरातललाई बिर्सने डर हुन्छ ।
- अक्सर चलचित्रको रंगीन संसारबाट प्रभावित भएर युवायुवतीहरू गलत साथी छनौट गर्न पुग्छन्, जसले उनीहरूको व्यावहारिक जीवनमा तनावका अतिरिक्त केही दिन सक्दैन ।
- साथीको कमजोरीलाई सन्तुलित दृष्टिकोण राखेर हेर्नुहोस् ताकि ती कमजोरीका कारण आफ्नो सम्बन्ध कति टाढासम्म जान सक्छ ? केटा साथीको कमजोर पक्षमा सुधार हुनसक्ने सम्भावना कति देख्नुहुन्छ ? आफैं विश्लेषण गरेर हेर्नुहोस् ।
- आफ्नो साथीको कुनै विशेष गुणप्रति आकर्षित हुनुहुन्छ भने त्यो गुणलाई राम्रोसँग अवलोकन गर्नुहोस् । किनकि त्यो विशेष गुणले तपाईंलाई किन आकर्षित गरेको छ र त्यो आकर्षण वा गुण कति स्थायी हुन्छ भन्ने कुरा जान्नु आवश्यक हुन्छ ।
- यो साँचो हो कि संसारमा कोही पनि पूर्ण (परफेक्ट) हुँदैन, यसको अर्थ यो होइन कि सम्बन्धको सुरुवातमा आफ्नो साथीको कमजोरी वा गल्तीलाई पूर्ण रूपमा बेवास्ता गर्नुहोस् । सम्बन्ध विकास गर्दा हृदयसँगै मस्तिष्कलाई पनि खुला छोड्नुपर्छ, जसले गर्दा सही निर्णय लिन सकियोस् ।

## नेपाली टेनिस टिम बंगलादेशमा



जनवरी १६ देखि बंगलादेशको ढाकामा सञ्चालन भैरहेको आईटीएफ यु-१४ जुनियर टेनिस च्याम्पियनसिपका लागि अहिले नेपाली टोली ढाकामा छ। मन जयकर टेनिस एकेडेमीले सञ्चालन गरेको जयकर स्मृति टेनिस प्रतियोगितामा उत्कृष्ट ठहरिएका ती खेलाडीहरूलाई एक महिना प्रशिक्षण दिइएपछि नेपाल टेनिस संघले अन्तिम छनौट गरेको थियो। पाँच वर्षभित्रमा ग्रान्डस्लाम टेनिस खेल्ने महत्त्वाकांक्षा बोकेको टेनिस संघले गत सत्रदेखि एकडेमी पनि चलाउन सुरु गरिसकेको संघका लागि उक्त प्रतियोगिता परीक्षाको घडी मानिएको छ। हेर्दा अपत्यारिलो लाग्ने लक्ष्य भए पनि यस खालका कार्यक्रमहरू उपयोगी हुने विश्वास टेनिस संघका अध्यक्ष मनोज राणाले व्यक्त गरेका छन्।

भुटान, श्रीलंका, नेपाल, सिंगापुर, लाओस, भियतनाम, मंगोलिया तथा म्यानमारलगायत दक्षिण-एसिया पूर्वी एसियाली राष्ट्रको बाहुल्यता रहेको उक्त प्रतियोगिता तेस्रो विश्वमा टेनिसलाई लोकप्रिय बनाउने अन्तर्राष्ट्रिय टेनिस महासंघको नीतिअनुसार सञ्चालन भैरहेको छ। यही उद्देश्यले सन् २००८ देखि टेनिस महासंघले थप कार्यक्रम गर्ने घोषणा गरेको छ। यो प्रतियोगितामा नेपालको उद्देश्य राम्रो प्रदर्शन गर्दै एसियाली टेनिस महासंघबाट ए ग्रेडको राष्ट्रका रूपमा मान्यता पाउनु नै हो। नेपालमा स्कीलफुल र प्रतिभाशाली खेलाडीहरू १२ वर्षको आसपासमा रहेका कारण टेनिस संघले पनि राम्रो भविष्यको आशा गर्दै उनीहरूलाई अवसर दिएको छ। 'यु-१४ भनिए पनि हाम्रा खेलाडीहरू प्रायः १२ वर्षका छन्। अन्य राष्ट्रका खेलाडी ठ्याक्कै १४ वर्षका हुने भएकाले हामीलाई कठिन छ।' प्रशिक्षक कृष्ण घले बताउँछन्। उक्त प्रतियोगितामा नेपालबाट पुरुषतर्फ गौरव शाह, नीरज वाग्ले तथा सन्देश सिंह राठौरले र महिलातर्फ अश्लेसा लीसानोबीच, मीना घर्ती र पवित्रा गुरुले प्रतिस्पर्धा गरिरहेका छन्।

## उपाधि आयोजकलाई

प्रथम राष्ट्रव्यापी अन्तर डोजो कराँते प्रतियोगिता काठमाडौंमा सम्पन्न भएको छ। ५ सय ५० जना खेलाडीको सहभागिता रहेको उक्त प्रतियोगिताको उपाधि आयोजक बालाजु कराँते डोले नै जितेको छ।

प्रतियोगितामा आयोजक बालाजु डोजोले १२ स्वर्ण, ८ रजत तथा ८ कांस्य पदक हात पारेको थियो। यसै गरी ३ स्वर्ण, १ रजत र ३ कांस्य पदक जित्दै दाङले दोस्रो तथा २ स्वर्ण, २ रजत र २ कांस्य पदक जितेर मकवानपुरले तेस्रो स्थान हात पार्‍यो। उपाधि विजेता बालाजु डोजोले ५० हजार रुपैयाँ पुरस्कार पायो भने दोस्रो स्थान प्राप्त गर्ने टोलीले २५ हजार तथा तेस्रो स्थान प्राप्त गर्ने टोलीले १२ हजार ५ सय रुपैयाँ पुरस्कार पाए।

प्रतियोगितामा दाङका राजु श्रेष्ठले पुरुष सर्वश्रेष्ठ जुनियर खेलाडी तथा चितवनकी शोभा लामाले महिला सर्वश्रेष्ठ जुनियर खेलाडीको उपाधि जिते। यी दुवै खेलाडीले १ हजार ५ सय रुपैयाँ पुरस्कार पाए। सिनियरतर्फ पुरुषमा सोलुखुम्बुका नवीन कार्की तथा महिलातर्फ बालाजुका कृष्ण रेग्मी उत्कृष्ट खेलाडी घोषित भए। यी दुई खेलाडीले पनि १ हजार ५ सय रुपैयाँ पुरस्कार पाए। पुरस्कार वितरण समारोहमा नेपालका प्रथम अन्तर्राष्ट्रिय खेलाडी गजराज जोशी तथा गंगाबहादुर थापालाई सम्मान गरिएको थियो।

## अन्तरविद्यालय क्रिकेट

प्रतिस्पर्धात्मक एवं रोमाञ्चक खेलमा आयोजक जीएचपी मा.वि.लाई तीन रनको झिनो अन्तरले पराजित गरी विद्यासदन मा.वि.ले वीरगन्जमा आयोजित तेस्रो तरलोक सिंह स्मृति अन्तरविद्यालय रनिङ शिल्ड क्रिकेट प्रतियोगिताको उपाधि चुमेको छ। लगातार तीन पटक विजेता बनी विद्यासदनले रनिङ शिल्डसमेत हात पारेको छ। प्रतियोगिताको उत्कृष्ट खेलाडी र प्रतियोगिताकै उत्कृष्ट बलर विद्यासदनका ईकबाल अन्सारी भए भने उत्कृष्ट ब्याट्सम्यान गौतम मा.वि.का किशन गुप्ता, म्यान अफ द सिरिज जीएचपीका सुमन महर्जन भए। प्रतियोगितामा वीरगन्जका आठ विद्यालय सहभागी थिए। दिवंगत समाजसेवी तथा क्रिकेटप्रेमी तरलोक सिंहको स्मृतिमा तीन वर्षदेखि वीरगन्जमा यो प्रतियोगिता सञ्चालन हुँदै आएको छ।

**–शंकर आचार्य**

## अन्तरकलेज टेबुलटेनिस

**कमल रिमाल**

विराटनगरका १३ वटा कलेजको सहभागितामा सम्पन्न अन्तरकलेज टेबुलटेनिस प्रतियोगितामा सबैभन्दा बढी उपाधि युरो कलेजले प्राप्त गरेको छ। मोरङ जिल्ला टेबुलटेनिस संघको आयोजना तीन दिनसम्म चलेको प्रतियोगितामा युरो कलेजका विद्यार्थीले मेन्स सिङ्गल तथा डबल दुवैमा उपाधि



जितेको छ। खेलमा सिद्धार्थ शिशु सदन, मनकामना तथा शिक्षाद्वीपले एक-एक इभेन्टमा प्रथम स्थान ल्याएका छन्।

प्रतियोगिताको लेडिज सिङ्गल्समा मनोकामनाकी कमला पोखरेलले प्रथम स्थान हासिल गरेकी छिन्। शिक्षाद्वीपकी गंगा कटुवाल द्वितीय तथा विराट क्याम्पसकी कविता उप्रेती र लर्डबुद्ध कलेजकी न्यान्सी क्षेत्री तृतीय भएका छन्। लेडिज डबलतर्फ भने शिक्षाद्वीपकी गंगा कटुवाल र ज्योति लोहनीको जोडी प्रथम, इस्टर्न इन्जिनियरिङ कलेजकी रक्षा राना र ज्योती साह द्वितीय तथा युरो कलेजकी सूचना महर्जन र प्रतीक्षा बुढाथोकी तथा सोही कलेजका सुष्मा ढकाल र निशा पोखरेलको जोडी तृतीय भएका छन्।

त्यस्तै मेन्स सिङ्गल्सतर्फ युरो कलेजका रोशन खड्का प्रथम, पूर्वाञ्चल म्यानेजमेन्ट क्याम्पसका निरेश कार्की द्वितीय तथा महेन्द्र मोरङका सुवास कामत र सिद्धार्थ शिशुसदनका कृष्णचन्द्र पोखरेल तृतीय भएका छन्। मेन्स डबल्सतर्फ युरो कलेजका रोशन खड्का र अमित बोहराको जोडी प्रथम, सिद्धार्थ कलेजका कृष्णचन्द्र पोखरेल र विवेक श्रेष्ठको जोडी द्वितीय, म्यानेजमेन्टका निरेश कार्की र विक्रान्त कोइराला एवं महेन्द्र मोरङका राजीव रोशन र सुवास बस्नेतको जोडी तृतीय भएका छन्।

यसैगरी टिम इभेन्टतर्फ सिद्धार्थ प्रथम, महेन्द्र मोरङ द्वितीय तथा युरो र व्यवस्थापन कलेज तृतीय भएका छन्। प्रतियोगितको बेस्ट प्लेयरको उपाधि सिद्धार्थकी रेनु लिम्बू तथा विराटका सुदीप ढुङ्गानाले प्राप्त गरेका छन्। प्रतियोगितामा भएका पाँच इभेन्टमा १ सय १० जना खेलाडी सहभागी थिए।

## महेन्द्र बहुमुखीलाई उपाधि

**साप्ताहिक समाचार**

धरान- नगरस्तरीय अन्तरकलेज फुटबल प्रतियोगिताको उपाधि महेन्द्र बहुमुखी क्याम्पसले जितेको छ। नेपाल विद्यार्थी संघ, महेन्द्र बहुमुखी क्याम्पस इकाई समितिको आयोजनामा सञ्चालित प्रतियोगिताको फाइनलमा पब्लिक उच्च मा.वि.लाई १ का विरुद्ध ५ गोलले पराजित गर्दै महेन्द्र बहुमुखीले उक्त उपाधि जितेको हो।

उपाधिसँगै महेन्द्र बहुमुखी क्याम्पसले ट्रफी तथा ५ हजार रुपैयाँ नगद पुरस्कार प्राप्त गर्‍यो। पब्लिक उच्च मा.वि.ले उपविजेता ट्रफी र ३ हजार नगद पुरस्कारमा चित्त बुझायो। पुस १६ गतेदेखि स्थानीय धरान रंगाशालामा आयोजित प्रतियोगितामा धरानका १६ वटा निजी तथा सरकारी कलेजको सहभागिता थियो।

## भैरहवा युथ र बुद्धज्योतिलाई उपाधि

बुटवल- भारतका ६ र लुम्बिनी अञ्चलका २२ टिमको सहभागितामा भैरहवामा आयोजित स्वर्गीय प्रवीण मल्ल स्मृति इन्डो-नेपाल ट्वान्टी-२० कप क्रिकेट प्रतियोगिताको उपाधि भैरहवा युथले जितेको छ। प्रोफेशनल मास्टर्स-११ सिद्धार्थनगरले आयोजना गरेको प्रतियोगिताको फाइनल खेलमा सूर्य क्रिकेट क्लब नौतनहवा भारतलाई ३ विकेटले पराजित गर्दै भैरहवाले उपाधि हात पारेको हो। प्रतियोगितामा गोविन्द कार्की म्यान अफ द म्याच घोषित भए भने शार्दूल कसौधन बेस्ट बलर, वसन्त रेग्मी बेस्ट ब्याट्सम्यान तथा कृष्ण कार्कीले म्यान अफ द सिरिजको उपाधि हात पारे। प्रतियोगिताको विजयी टिमले २० हजार एवं उपविजयी टिमले १० हजार नगद प्राप्त गरे।

यसबीच बुद्धज्योति उच्च मा.वि.को आयोजनामा भैरहवामै सञ्चालन भएको दोस्रो बुद्धकप अन्तरकलेज जिल्लास्तरीय क्रिकेट प्रतियोगिताको उपाधि आयोजक बुद्धज्योति कलेजले जितेको छ। प्रतियोगिताको फाइनल खेलमा लुम्बिनी वाणिज्य कलेज बुटवललाई १२ रनले पराजित गर्दै आयोजकले उपाधि जितेको हो। उक्त प्रतियोगितामा बेस्ट बलर, बेस्ट ब्याट्सम्यान तथा म्यान अफ सिरिजबाट बिजेता कलेजका बसन्त रेग्मी पुरस्कृत भए।

**–टोपराज शर्मा**

## ५ प्रश्न



पोखराका कराँते खेलाडी तथा प्रशिक्षक फत्तबहादुर गुरुङले थुप्रै पटक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा सहभागी भएर पदकहरू जितिसकेका छन्। गुरुङले कराँतेको थर्ड डन पाइसकेका छन्। नेपाल कराँते महासंघका राष्ट्रिय रेफ्री, नेपाल सितोरियो कराँते केन्द्रीय कमिटीका सदस्य, नेपाल कराँते महासंघ कास्कीका अध्यक्ष, नेपाल साम्बो फेडरेसनका कोषाध्यक्ष तथा नेपाल केन पोकार्डका प्रमुख प्रशिक्षक गुरुङसँग साप्ताहिकको पाँच प्रश्न :

**कराँते खेल्नु तपाईंको सौख हो कि पेसा ?**

मोफसलमा बसेर विगत १३ वर्षदेखि निरन्तर यही खेलमा लागिरहेको छु। खेल्ने मात्र होइन, प्रशिक्षण पनि दिँदै आएको छु। अझै पनि हाम्रो देशमा खेलक्षेत्र व्यावसायिक भैसकेको जस्तो लाग्दैन। मेरो उद्देश्य त यही क्षेत्रलाई पेसा बनाउन सक्नुपर्छ भन्ने हो। यस क्षेत्रमा लागेर कमाइभन्दा पनि खर्च बढी भएको छ। तैपनि म यसलाई पेसाकै रूपमा अघि बढाउन लागिपरेको छु।

**यतिका वर्ष खेलेर के पाउनुभयो ?**

म केही पाउने आशामा भन्दा पनि मुलुकका लागि केही गर्न सकूँ भनेर नै खेलकुद क्षेत्रमा हाम फालेको हुँ। यो खेलमा लागेर धन बटुल्न नसके पनि प्रतिष्ठा र इज्जत कमाएको छु। मोफसलमा रहेर पनि अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गर्न सकें। यो नै ठूलो उपलब्धि हो।

**मोफसलमा कराँते खेलाडीहरूको अवस्था कस्तो छ ?**

मोफसलमा राम्रा एवं प्रतिभावान् खेलाडीहरू छन्, तर प्रशिक्षकको अभाव छ। सबै प्रतियोगिता केन्द्रीकृत भैरहेका छन्। खेलकुद परिषद्ले अझै विकेन्द्रीकरणको नीति अख्तियार गर्न सकेको छैन। राम्रा खेलाडीहरू भए पनि राजधानीमा बस्नेहरूको चासो र सरोकार कम छ। अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडीहरूप्रति चासो छैन। आफन्त र नातागोताका आधारमा खेलाडी छनौट गरेर अन्तर्राष्ट्रिय स्तरमा पठाउने गरिएको छ। मोफसलका राम्रा कराँते खेलाडीहरूले खुम्चिएर बस्नुपरेको छ।

**खेल्नका लागि नेपालबाहिर जानुहुन्छ ? सरकारी खर्चमै त होला नि ?**

अहिलेसम्म सरकारले सुको पैसा दिएको छैन। म आफ्नै व्यक्तिगत खर्चमा विदेशमा पुगेर खेलिरहेको छु। दुःखको कुरा सरकारलाई एउटा चिठी बनाउन अनुरोध गर्दासमेत मोफसलको भनेर बेवास्ता गरिन्छ।

**भविष्यमा के गर्ने योजना छ ?**

अहिले म पश्चिमाञ्चलमा राम्रा कराँते खेलाडी उत्पादन गर्न प्रशिक्षणमा व्यस्त छु। राम्रा खेलाडी उत्पादन गर्नुका अतिरिक्त म आफैं पनि एकपटक अन्तर्राष्ट्रिय स्पर्धामा सहभागी भएर नेपाललाई गोल्ड मेडल दिलाउन प्रयासरत छु।

**–शिव शर्मा**

## प्रसंग कतिपय





### विक्रम राई

मुलुक लोडसेडिङमय भएको छ। पानीको घट्दो सतह र बहावका कारण अनि विद्युत्को बढ्दो खपतसँगै भएका योजनाहरूको मर्मत-सम्भार गर्न नसक्नु तथा ड्रिम प्रोजेक्टहरू ड्रिम नै रहनुले यो बाध्यता भोग्नैपर्ने भएको छ। त्यसो त खाना पकाउने ग्याँस र मट्टीतेलको अभाव त्यसमा पनि पेट्रोलको लाइन सम्झँदा बैरागीलाई पनि यो मन त मेरो नेपाली हो भनेर चित्त बुझाउने ठाउँ हुने थिएन होला। बर्सेनि बढ्दो लोडसेडिङको समयले गर्दा जलस्रोतको धनी हामीलाई बिजुली कुनै दिन परीको कथा नहोस्, अहिले आमनेपालीको चाहना यति मात्र हो।

अहिले नागरिकहरूको विद्युत् तथा विद्युत्सँग सम्बन्धित चीजहरूमा निर्भरता बढे पनि लोडसेडिङका केही फाइदा र रमाइला पक्ष पनि छन्। उद्योग-व्यवसाय चलाउनेहरूले यसलाई जति सरापे पनि 'रात्रि व्यवसाय' का अनुचरहरूका लागि यो अँध्यारो सुनौलो अवसर वा बम्पर चिट्ठासरह भएर आएको छ। त्यसै गरी आफ्नो गाउँ-टोलको अँध्यारो छल्न उज्यालो भएतिर रम्न जानेहरूका कारण लोडसेडिङ नभएका क्षेत्रका रेस्टुराँ-व्यवसाय साताका केही दिन नै भए पनि चकाचक हुने नै भए भने साँझको साथीको खपत त्यसै पनि अकासिने भयो। तसर्थ सेकुवा, मदिरादेखि लिएर भटमास-चिउरा व्यवसायहरूसम्म त्यसै लाभान्वित हुने नै भयो।

लोडसेडिङ भएपछि ब्याट्री, इन्भर्टर, मैनबत्ती, मट्टीतेल, इमर्जेन्सी लाइट, टुकीमारा, जेनेरेटर आदिको खपत बढेपछि तिनका व्यवसायी एवं त्यसबाट कर खाने सरकारसम्म लाभान्वित हुनु स्वाभाविक हो। लोडसेडिङ धेरैका लागि उज्यालो लिएर आएको छ, यसका केही नकारात्मक पक्ष भए पनि सकारात्मक पक्ष धेरै छन्, जसमध्ये आमनागरिक समयमै घरमा छिर्नु वा यो जाडोमा समयमै सिरकमा घुस्नु पनि हो। यसले श्रीमान्-श्रीमतीबीच मायाप्रेम मात्र बढाउँदैन, जनसंख्या वृद्धिमा समेत अभूतपूर्व योगदान गर्न सक्छ। जनसंख्याले पछि परेका राष्ट्रका लागि यो सिद्धान्त रोडम्याप हुनसक्छ। अर्कापट्टि यसले पिउन अयोग्य रहेको हाम्रो खानेपानी संस्थानलाई गजबकै राहत प्रदान गरेको छ। बिजुली नै नभएपछि मेसिन लगाएर पानी तान्नुपर्ने झन्झट पनि नरहने साथै सारा सत्तोसराप हिसिला दिदीको सट्टा कार्की दाइलाई दिए भयो।

एसएलसी नजिकिँदो छ, लाखौं विद्यार्थी आफ्नो भविष्यका लागि रातदिन एक गरिरहेका बेला आएको लोडसेडिङको यो सेड्युअलले धेरै विद्यार्थी तथा अभिभावकहरू मारमा परेका छन्। हुनेखाने अभिभावकले त इमर्जेन्सी जोगाडको व्यवस्था गरिसकेका होलान् तर टुकी वा लालटेनको मट्टीतेल जुटाउन नसक्नेहरू पक्कै सरकारलाई सरापिरहेका होलान्।

यद्यपि, यस्ता भेजेटेरियन कुराले नयाँ नेपाल बनाउन लागिपरेका नेताहरूलाई खासै असर गरेको छैन। नभए कस्तीमा लोडसेडिङ पछौटेपन र संघीयता जस्तै एउटा मुद्दा बन्ने थियो, किनकि सबैलाई थाहा छ– लोडसेडिङ हाम्रो प्रगतिको बाधक हो।

prasangakatipaya@hotmail.com

# कम दर्शकको लाइभ कन्सर्ट

**शिव शर्मा**

पोखरा- नयाँबजारको प्रदर्शन केन्द्रको खुल्ला मैदानमा आकर्षक मञ्च बनाइएको थियो। दिउँसोको १ बजे कार्यक्रम हुने भनिएकोमा करिब तीन घन्टा ढिलो गरी कार्यक्रम सुरु हुने तर्खरमा थियो। यतिन्जेलसम्म पनि सोचेजति दर्शक उपस्थिति थिएनन्। कार्यक्रम थियो नेपाली तारा-२ को लाइभ कन्सर्ट। राजधानीदेखि आएका कलाकारहरू कार्यक्रमको वातावरण देखेर छक्क परेका थिए।

प्रदर्शनी केन्द्रको खुला मैदानमा करिब २ सय दर्शकका माझ चर्चित लोकप्रिय गायक दाजुभाइ सत्यराज र स्वरूपराज आचार्यले सबैलाई स्वागत गर्दै कार्यक्रमको ढोका उघारे। यही मैदानमा दुई-दुई पटक इन्डियन आइडल प्रशान्त तामाङको कन्सर्टमा थामिनसक्नु दर्शकको उपस्थिति देखिएकोमा दोस्रो नेपाली ताराको पहिलो लाइभ कन्सर्ट अपमानित भएको महसुस हुन्थ्यो।

दर्शक उपस्थिति नहुनुको पछाडि कलाकारहरूको दोष थिएन। आयोजक सुम्निन इन्स्टिच्युटको फितलो व्यवस्थापनका कारण कन्सर्ट खल्लो बन्न पुग्यो। प्रचार-प्रसारको कमी तथा आयोजककै कमजोरीका



कारण यो कन्सर्ट ओझलमा पर्‍यो।

कम दर्शक भए पनि नेपाली ताराका टप ६ टप फाइभ फाइनलिस्ट युवराज तिवारी र रोजिना गुरुङले आफूलाई साथ दिन आग्रह गर्दै सांगीतिक प्रस्तुति दिए। कार्यक्रममा एकै खालको पहिरनमा आएका ८ जना अस्ट्रेलियन संगीतपारखीको टोली भने पटक -पटक रेसम फिरिरी गाउन हुटिङ गरिरहेको थियो।

सत्यराज र स्वरूपराज आचार्यको अहिलेको चर्चित गीत तिम्रो नशालु आँखाले मलाई मार्‍यो गीतमा दर्शक झुमेका थिए। त्यस्तै धीरज राईको सोइ ढोले सोई र लुकी लुकी आँखा तिमी, मौसमी गुरुङको चोरेर लग्यो यो मन र लाउन त लाइदिए माया गीतमा सबै दर्शक उफ्रिएका थिए।

उता पोखरेली कान्छा धर्मेन्द्र सेवानको रंगरंग थपी तिमीले, अविनाश घिसिङको चम्पा, नेपाली तारा-२ का विजेता सन्तोष लामा र नेपाली तारा पहिलो दीपक लिम्बूले पनि पर्याप्त मनोरञ्जन दिए। पहिलो पटक सीमित दर्शककामाझ गीत प्रस्तुत गर्नुको तिक्तता भोगेका राजधानीका चर्चित गायक-गायिकाहरू भने नमज्जा मानिरहेका थिए।

आयोजकले दर्शकलाई आकर्षित गर्न १ सय ९९ को टिकटलाई दुई टिकटमा एउटा फ्रि अफरसमेत राखेको थियो। कार्यक्रम प्रवेशद्धारमा रहेका ग्रुपफोरका गार्डले संचारकर्मीसँग समेत टिकट माग गरे पनि पछि दर्शक नआएपछि सर्वसाधारण सबैलाई नःशुल्क प्रवेश गराएका थिए।

# गोरुको घम्साघम्सी हेर्न मानिसको भीड

**नवदीप अजनवी**

नुवाकोट– पशु जुधाएर मनोरञ्जन गर्नु कति उचित होला? यो छुट्टै वहसको विषय हुनसक्छ तर नुवाकोटमा गोरु जुधाएर मनोरञ्जन लिने परम्परा बिस्तारै स्थापित एवं लोकप्रिय हुँदैछ। यो वर्ष पनि माघे संक्रान्तिका दिन नुवाकोटको तारुका तथा बेत्रावतीमा गोरु जुधाएर हजारौंले मनोरञ्जन लिए। हरेक वर्षझैं तारुका गाविस वडा नं. ५ चन्दनीस्थित एक बारीको पाटोमा गोरु जुधाइयो। यो वर्ष सात हल गोरु जुधाइएको थियो।

विदेशी टेलिभिजनमा 'बुल फाइट' हेर्नेहरू पनि नेपालमै हुने गोरु जुधाइ प्रत्यक्ष हेर्न तारुका उक्लिएका थिए। यो वर्ष १२ हजारभन्दा बढी दर्शकलाई मनोरञ्जन दिएको आयोजक समितिका अध्यक्ष बलराम आलेले बताए। यो वर्षदेखि जित्ने गोरुधनीलाई १ सय रुपैयाँ



पुरस्कार स्वरूप प्रदान गर्ने परम्परा बसालिएको छ।

ऐतिहासिक प्रमाण नभेटिए पनि नुवाकोटको गोरु जुधाइ परम्परा डेढ सय वर्षभन्दा पुरानो मानिन्छ। तारुकाको सिको गर्दै यो वर्ष नुवाकोटको बेत्रावतीमा पनि माघे संक्रान्तिका दिन पाँच हल गोरु जुधाइयो। दर्शकहरूको सकारात्मक उपस्थिति पाएपछि अब बेत्रावतीले गोरु जुधाइ जात्रालाई आउँदा वर्षहरूमा निरन्तरता दिने भएको छ। केही दशक पहिलेसम्म बेत्रावतीमा पनि गोरु जुधाउने परम्परा रहेको स्थानीय चक्रबहादुर डङ्गोल बताउँछन्।

## चर्चामा प्रकृति

मुम्बई– नेपालीभाषी प्रकृति गिरी यतिबेला एकपछि अर्को गर्दै सफलताको



सिढी चढ्दै छिन्। उनी स्टार प्लसमा सञ्चालन भैरहेको प्रतिस्पर्धात्मक रियालिटी शो अमूल स्टार भ्वाइस अफ इन्डिया (छोटे उस्ताद) को उत्कृष्ट आठमा पुग्न सफल भएकी छिन्। यति मात्र होइन, यो साता उनलाई सबैभन्दा बढी एसएमएस मत प्राप्त भएको छ।

कक्षा ७ मा अध्ययनरत १२ वर्षीय प्रकृति यतिबेला आगामी प्रतिस्पर्धाको तयारीमा जुटेकी छिन्। प्रत्येक शुक्रबार र शनिबार राति १० बजेदेखि १२ बजेसम्म प्रसारण हुने अमूल स्टार भ्वाइस अफ इन्डियामा प्रकृतिलाई पहाडी ड्राइगन पनि भनिन्छ। बलिउडकै वरिष्ठ गायक-गायिका तथा संगीतकार कुणाल गाँजावाला, श्रेया घोषाल तथा प्रितम चक्रवर्ती निर्णायक रहेको भ्वाइस अफ इन्डियाको दौडमा रहेकी प्रकृतिलाई ustaad 05 टाइप गरी 57827 मा एसएमएस मत पठाउन सकिन्छ भने अनलाइनमार्फत भोट गर्न http://www.indya.com/chhoteustaad/vote.asp मा जानुपर्छ। कम बोल्ने तर मुस्कुराइरहने प्रकृतिले छोटे उस्तादको उपाधि जित्नेछिन् भन्ने विश्वास धेरै नेपालीले लिएका छन्। जसरी दार्जीलिङ, कालिङपोङ र गान्तोक आदि सहर केही महिनाअघि प्रशान्तमय बनेका थिए अहिले त्यही ठाउँ बिस्तारै प्रकृतिमय बन्दैछ, चारैतिरबाट प्रकृतिलाई सहयोग र भोट जुटिरहेको छ। प्रकृतिले प्रायः एपिसोडमा आफूलाई भोट गर्न नेपालीमै अपिल पनि गरिरहेकी छिन्।

## मन्त्रमुग्ध पारे दिनेशले




सधैंजसो एकै किसिमका कार्यक्रम हेरेर दिक्क हङकङवासीले यो साता भने आफ्नै स्थानीय गायक तथा वाद्यवादकहरूका साथमा बेग्लै संगीतको स्वाद लिन पाए। स्टेजमा आमन्त्रित सबै कलाकार हङकङमा परिचित अनुहार नै भए पनि यो नै पहिलो कार्यक्रम थियो जसमा यी अनुहारहरू पहिलोपटक एकै कार्यक्रम[...] वीरेन्द्र पौडेल यो अवसर जुराएको थियो 'दिनेश सुब्बा एकल साँझले,' साढे सात बजे नै दर्शकहरू हलमा पुगिसकेका भए पनि राति करिब आठ बजे सातजना वाद्यवादकहरूका साथमा आकर्षक ढगंले सजाइएको स्टेजमा देखिए गायक-संगीतकार दिनेश सुब्बा, नेपाली सांगीतिक फाँटमा थुप्रै चर्चित गीत-संगीतहरू दिइसकेका सुब्बाको यो जीवनकै पहिलो एकल सांगीतिक प्रस्तुति थियो। दुई भागमा विभाजित कार्यक्रमको पहिलो भागमा उनले आफ्नै सिर्जना तथा स्वरमा रहेका गीत-संगीतहरू प्रस्तुत गरे भने दोस्रो भागमा आधुनिक संगीतमा विशिष्ट स्थान बनाएका गायकहरू स्वरसम्राट स्व. नारायणगोपाल, दीप श्रेष्ठ एवं अरुण थापाका गीतहरू प्रस्तुत गरे। गीत-संगीत प्रस्तुत गर्ने क्रमसँगै गायकले आफ्नो दुई दशकभन्दा लामो सांगीतिक यात्राका सहयात्रीहरूसँगको रमाइला स्मरण पनि सुनाएका थिए।

निर्मल श्रेष्ठ, हङकङ

**हेमराज ज्ञवाली**द्वारा कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. का लागि प्रकाशित तथा मुद्रित, कार्यालय : कान्तिपुर कम्प्लेक्स, सुविधानगर, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ४४८०१००, फ्याक्स : ९७७-१-४४७०१७८, email:saptahik@kantipur.com.np दर्ता नं. ९९/०५१/५२, सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **विनोदराज ज्ञवाली**, **स्वस्तिका सिरोहिया**, सम्पादक : **सुवास ढकाल**।